२०७८

# शिक्षा क्षेत्रको योजना

## २०७८-२०८७


चौविसे गाउँपालिका, धनकुटा

प्रदेश नं. १, नेपाल

msworldcoverpages.com

# शिक्षा क्षेत्रको योजना -२०७८-२०८७

## Education Sector Plan - 2021-2030




चौविसे गाउँपालिका, धनकुटा

प्रदेश नं. १,नेपाल

२०७८ पौष

# शिक्षा क्षेत्रको योजना -२०७८-२०८७

# Education Sector Plan - 2021-2030

शिक्षा क्षेत्रको योजना, चौविसे गाउँपालिका धनकुटा  २०७८ - २०८७

चौविसे गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणित मिति: २०७८ पौष १० गते

चौविसे गाउँपालिकाको गाउँसभाबाट प्रमाणित  मिति:

चौविसे गाउँपालिका, धनकुटा

प्रदेश नं. १,नेपाल

# चौबिसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

प.सः- ०७८/७९ १ नं प्रदेश,नेपाल

च.नं- मितिः २०७८/०९/१०


## मेरो भन्नु

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा क्षेत्रको विकास बिना समाज परिवर्तन हुदैन । चौविसे गाउँपालिकाले शिक्षालाई विकासको पहिलो जग ठानेर स्थानीय तहको स्थापना देखि नै शिक्षालाई प्राथमिकतामा राखेर शिक्षाको सबै क्षेत्रमा लगानी गरिरहेको छ । शिक्षा क्षेत्रमा गरेको लगानीलाई उदेश्यमूलक , अर्थपूर्ण र उपलब्धीमूलक बनाउन गाउँपालिकाले शिक्षा योजना बनाउन आवश्यक छ । यो चौविसे गाउँपालिकाको शिक्षा योजना गाउँपालिकाको शिक्षा क्षेत्रको विकासका लागि कोशेढुङ्गा सावित हुने अपेक्षा लिएको छु।

राज्यको पुर्नसंरचना पस्चात स्थापित यस गाउँपालिकाको शिक्षा क्षेत्रको यथार्थ विद्यमान अवस्था झल्काउने पाश्र्वचित्रमा भएका तथ्याङ्क समेतका आधारमा तयार गरिएको यो शिक्षा योजना पहिलो प्रयास हो । यस योजनाले गाउँपालिकाको शैक्षिक विकासको बाटो चित्रण गरेको छ ।

यस शिक्षा क्षेत्रको योजनाले तय गरेका दिर्घकालीन लक्ष्य , उदेश्य तथा उपलब्धी हासिल गर्न यसको कार्यान्यनमा सवै सरोकारवालाहरुको सामुहिक प्रतिवद्धताका खाचो रहने हुदा सबैको सकारात्मक सहयोगको लागि हार्दीक आह्वान गर्दछु । शिक्षा योजनाको निर्माणमा अग्रसरता लिने गाउँपालिकाको शिक्षा , युवा तथा खेलकुद शाखा प्रमुखलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै शिक्षा योजना निर्माण कार्यमा अहोरात्र खटेर सहयोग गर्नुहुने लेखन समुहका सम्पूर्ण सदश्यहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु । शिक्षा योजना लेखन कार्यमा प्रत्यक्ष र परोक्ष सहयोग गर्नुहुने गाउँपालिका परिवार, शिक्षा समिति परिवार, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु तथा अन्य सबै राजनैतिक दलका पदाधिकारीहरुमा गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा गाउँपालिकाको शिक्षा क्षेत्रको मात्र नभएर समग्र विकासको आधार चित्र कोर्न यो शिक्षा योजना सहयोगी बनोस् र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई सही दिशा प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्न चाहन्छु । साथै गाउँपालिकाको समग्र विकासका लागि चौविसे गाउँपालिकाको हित चाहनुहुने सम्पूर्ण समाजसेवी, वुद्धिजिवी ,शिक्षक, कर्मचारी र आम नागरिक समाज तथा चौविसेबासीबाट सकारात्मक भूमिकाको अपेक्षा गर्दछु । धन्यवाद ।

खजिन्द्र राई

अध्यक्ष


Email: chaubisegapa@gmail.com

फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२

*'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'*

### मेरो दुई शब्द

विकासको मूल आधार शिक्षा क्षेत्रको विकास हो। शैक्षिक क्षेत्रको दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि शिक्षा योजना आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको शिक्षा योजना तयार गरिएको छ।

यस गाउँपालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँबासीहरुलाई शिक्षा योजनाले सहयोग पुग्नेछ भन्ने आशा लिएकी छु। यस योजनामा गाउँपालिकाको शैक्षिक क्षेत्रका समग्र विकासका लागि विभिन्न क्रियाकलापहरु समावेश गरिएका छन्। शिक्षा क्षेत्रका बहुआयामिक विषयवस्तु समेटेर तयार गरिएको शिक्षा क्षेत्रको योजना गाउँपालिकाको शैक्षिक भविश्य तय गर्न निकै महत्वपूर्ण हुने विश्वास गरेकी छु।

अन्त्यमा प्रस्तुत शिक्षा योजना तयारी गर्ने शिक्षा योजना लेखन कार्यदलका सदस्यहरु , अवश्यक राय सल्लाह दिएर सहयोग गर्नुहुने राजनैतिक दलका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु तथा सबैमा हार्दिक आभार ब्यक्त गर्दछु। शिक्षा योजना तयारी गर्ने सिलसिलामा सहयोग गर्नु हुने शिक्षा विकास तथा समन्वय इकाई , धनकुटा परिवार, एनइजिआरपी धनकुटा , विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु।

यज्ञ कुमारी रुचाल
उपाध्यक्ष

यज्ञ कुमारी रुचाल
उपाध्यक्ष


Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२
'मनोरम प्रकृति, पर्यटकीय स्थल चौबिसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'

# चौबिसे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

प.सः- ०७८/७९ १ नं प्रदेश,नेपाल

च.नं- मितिः २०७८/०९/१०


## दुई शब्द

यस चौविसे गाउँपालिकाको समग्र शिक्षाको विकासका लागि शिक्षा योजना तयार गरिएको हो । यस चौविसे गाउँपालिकाभित्रका सबै शैक्षिक सूचकहरुमा सकारात्मक सुधार ल्याउने लक्ष्य राखेको यो योजना उपयोगी हुने अपेक्षा गरेको छु । चौविसे गाउँपालिकाको शैक्षिक गतिविधि अध्ययन अनुसन्धान गर्ने जो कोहीको लागि यो योजना उपयोगी हुने विश्वास लिएको छु । यसैगरी कतिपय शैक्षिक गतिविधिको तुलनात्मक अध्ययन गर्न, कमी–कमजोरीको निरुपण गर्न, विद्यार्थी मूल्यांकनलाई थप वस्तुनिष्ठ बनाउन यस योजनाले सहयोग गर्नेछ भन्ने विश्वास गरेको छु । चौविसे गाउँपालिकाले अंगीकार गरेको शिक्षा नीति तथा कार्यक्रमलाई सही मार्गनिर्देशन गर्नको लागि समेत यो योजना उपयोगी हुने विश्वास लिएको छु ।

यो योजना तयारीमा विशेष भूमिका निर्वाह गर्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री चुडामणि रेग्मी तथा योजना लेखन समुहका सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । शिक्षा योजना निर्माणका लागि प्राविधिक सहयोग गर्नुहुने NEGRP II जिल्ला संयोजक श्री योगेन्द्र चापागाईं लगायत प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नुहुने सबै सरोकारवालाहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो योजना यस गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र सुधारका लागि एउटा महत्वपूर्ण दस्तावेज हो । योजनाले राखेका लक्ष्य तथा उद्देश्य हासिल गर्न यसको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारबालाहरुको रचनात्मक सुझाव तथा सहयोगको अपेक्षा गर्दछु ।

जितमान झिमी

प्रमुख प्रशासकीय अधिकृत

# चौबिसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

प.सः- ०७८/७९
चं.नं-

१ नं प्रदेश,नेपाल
मितिः २०७८/०९/१०

## शिक्षा क्षेत्रको योजनाका सम्बन्धमा

मुलुक संघीयतामा गएसँगै माध्यमिक तह सम्मको शिक्षाको ब्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहने संवैधानिक ब्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि हरेक स्थानीय तहले क्षेत्रगत रुपमा आवधिक योजना निर्माण गरी लागु गर्नुपर्ने उल्लेख गरेको छ । एका तर्फ माध्यमिक तह सम्मको शिक्षा नै देशको शैक्षिक विकासको जग हो भने शैक्षिक विकास मुलुकको समग्र विकासको आधार पनि हो । तसर्थ मुलुकको विकासका लागि हरेक स्थानीय तहले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर आफ्ना विकास योजना निर्माण गर्नु आवश्यक हुन्छ । विकास योजना निर्माण गर्नुको मुख्य उदेश्य हाम्रो वर्तमान अवस्थामा सुधार गर्नु हो । शिक्षा क्षेत्रको विकास योजना बनाउँदा हामी अहिले विकासको कुन बिन्दुमा (वर्तमान अवस्था) छौं भन्ने पत्ता लागाएर मात्र हामी पुग्न चाहेको बिन्दु (लक्ष्य) कुन हो भनेर तय गर्न सक्छौं । यो शिक्षा योजना "वर्तमान अवस्था" को विश्लेषण गरी हामी पुग्न चाहेको विन्दु (लक्ष्य ) प्राप्ति गर्ने एउटा दस्तावेज हो ।

**"समाज रुपान्तरण गर्नु छ भने शिक्षामा लगानी गर्नु पर्छ"** भन्ने सत्यलाई आत्मसात गर्दै चौविसे गाउपालिकाले शिक्षा क्षेत्रलाई आफ्नो प्राथमिकतामा राखेको सर्वविदित नै छ । शिक्षा क्षेत्रमा देखिएका यावत समस्या समाधान गर्न चौविसे गाउँपालिकाको एक्लो प्रयास पर्याप्त नभएतापनि यस क्षेत्रको शैक्षिक सुधारमा यो योजना अवश्य पनि एउटा आधार हुने विश्वास लिएको छु । यो शिक्षा क्षेत्रको १० बर्षे दीर्घकालीन योजना निर्माण गर्नु आफैमा ठूलो उपलब्धी होइन तर योजनाले निर्धारण गरेका लक्ष्य तथा उदेश्य हासिल हुने गरी यसको प्रभावकारी कार्यान्वयन गर्नु महत्वपूर्ण उपलव्धी हो । तसर्थ योजना कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गर्दछु । योजना निर्माणको क्रममा सधैं सकारात्मक हौसला, सहयोग र प्रेरणा प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष , उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका परिवार प्रति हार्दिक आभार ब्यक्त गर्न चहान्छु । योजना लेख्ने क्रममा अहोरात्र खट्ने लेखन समूहका सदस्यहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । शिक्षा योजना लेखन कार्यमा निश्वार्थ रुपमा प्राविधिक सहयोग गर्नुहुने धनकुटा जिल्लाका NEGRP संयोजक योगेन्द्र चापागाईंलाई जति धन्यवाद दिए पनि कमै हुन्छ । योजनालाई अन्तिम रुप दिन महत्वपूर्ण सुझाव तथा सल्लाह दिनुहुने गाउँ कार्यपालिका सदस्यहरु , गाउँ शिक्षा समितिका सदस्यहरु ,राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ सस्थाका पदाधिकारीहरु, विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु ,विद्यालयका प्रधानाध्यापक तथा अन्य सबैमा हार्दिक धन्यवाद दिन चहान्छु ।
अन्त्यमा सीमित समय , स्रोत साधन र जनशक्तिले तयार गरेको यो योजना भित्र थप गर्नुपर्ने वा सुधार्नुपर्ने विषयवस्तुहरु अवश्य पनि हुन सक्छन् । आगामी संस्करणका लागि सम्पूर्ण अध्ययनकर्ताहरुबाट रचनात्मक राय र सुझाबको अपेक्षा गर्दछु ।

०९/१०

चूडामणि रेग्मी
प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
शाखा प्रमुख

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२
*'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'*

**गाउँ शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु :**

श्री  खजिन्द्र राई   (गाउँपालिका अध्यक्ष)   - संयोजक

श्री  धन बहादुर लिम्बू   (सामाजिक विकास समिति सदस्य)   - सदस्य

श्री जितमान जिमी     (प्रमुख प्रशासकीय अधिकृत)  - सदस्य

श्री जितमान जिमी     (लेखा  अधिकृत)  -सदस्य

श्री चुडामणि रेग्मी (शिक्षा शाखा प्रमुख) - सदस्य

श्री युवराज कटुवाल (शिक्षक, पुण्य मा.वि.) - सदस्य

श्री विनोद न्यौपाने (अधिकृत स्तर छैठौ) - सदस्य

श्री शिव भट्टराई (शिक्षक, शारदा मा.वि. ) - सदस्य

श्री मन प्रसाद मगर (शिक्षक, ठाडागाउँ प्रा.वि.) - सदस्य

श्री छत्रपति गौतम (शिक्षक, सिंहदेवी मा.वि.) - सदस्य

श्री ज्ञानेन्द्र राई  (कम्प्युटर अपरेटर ) - सदस्य

श्री योगेन्द्र  चापागाईँ   ( EGRP II, जिल्ला संयोजक)  - प्राविधिक सहयोगकर्ता

**शिक्षा योजना लेखन समूहः**

श्री चुडामणि रेग्मी, शिक्षा शाखा प्रमुख

श्री विनोद न्यौपाने, अधिकृत स्तर छैठौ

श्री युवराज कटुवाल, शिक्षक, पुण्य मा.वि.

श्री शिव भट्टराई, शिक्षक, शारदा मा.वि.

श्री मन प्रसाद मगर, शिक्षक, ठाडागाउँ प्रा.वि.

श्री छत्रपति गौतम, शिक्षक, सिंहदेवी मा.वि.

**शिक्षा योजना लेखन पुनरालोकन तथा सुझावकर्ताः**

श्री देवी प्रसाद सुवेदी, जिल्ला प्राविधिक कार्यदल सदस्य, शिक्षा विकास तथा समन्वय इकाइ धनकुटा

**योजना निर्माणको प्राविधिक सहयोगकर्ताः**

श्री योगेन्द्र चापागाईं –  जिल्ला संयोजक तथा क्षेत्रिय प्राविधिक संयोजक, EGRP II

नोट : NEGRP II को प्राविधिक सहयोग तथा सहजीकरणमा यस गाउँपालिकाबाट  विद्यालय शिक्षा क्षेत्रको समग्र विकासको लागि दश वर्षे शिक्षा क्षेत्रको योजना तयार गरिएको हो ।

## कार्यकारी सारांश

- चौविसे गाउँपालिकामा जम्मा ४९ विद्यालयहरु रहेका छन् । जस मध्ये ४४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरु रहेका छन् । प्राविधिक तथा व्यवसायिक शिक्षा धार तर्फको विद्यालय संख्या १ , नमुना विद्यालय संख्या १ रहेको छ भने स्नातक तहसम्म अध्यापन हुने क्याम्पस १ रहेको छ । सामुदायिक सिकाइ केन्द्र ५ वटा रहेका छन् ।
- यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी सङ्ख्या २२६ रहेको छ । त्यस मध्ये १८३ जना स्विकृत दरबन्दी र ४३ जना राहत शिक्षक कार्यरत रहेका छन् । त्यसैगरी यस गाउँपालिकामा जम्मा ५४ जना विद्यालय कर्मचारी रहेका छन् । हाल यस गाउँपालिकामा बालविकास तहदेखि माध्यमिक तह सम्मको जम्मा शिक्षक कर्मचारीको संख्या ३६६ रहेको छ ।
- यस योजनाको अन्त्य सम्ममा सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार हुनेछन् ।
- विद्यालयहरुमा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ ।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
- विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ । बालबालिकाहरु स्वच्छ खानेपानी तथा सरसफाईमा सचेत भएको हुनेछन् ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, जीवनोपयोगी र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुनेछ ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।
- विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरु बीचको लागत साझेदारीमा हुनेछ । यसका लागि चौविसे गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्नेछ ।
- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई योजनाले राखेका अपेक्षित उपलब्धि हासिल हुनेछन् ।

# विषयसूची


कार्यकारी सारांश.....................................................................................................

परिच्छेद- १ : परिचय.....................................................................................................1

**१.१. पृष्ठभूमि** .....................................................................................................1

**१.२. गाउँपालिकाको सन्दर्भ** .....................................................................................................2

**१.२.१. सामाजिक तथा सांस्कृतिक सन्दर्भ** .....................................................................................................2

**१.२.२. आर्थिक सन्दर्भ**.....................................................................................................3

**१.२.३. भौगोलिक तथा जनसांख्कीय स्वरुप** .....................................................................................................3

**१.३. गाउँपालिकाको शैक्षिक सन्दर्भ** .....................................................................................................4

**१.३.१. नीतिगत प्रवन्ध**.....................................................................................................4

**१.३.२. अवस्था, उपलब्धि र अन्तर**.....................................................................................................6

**१.४. योजना निर्माणको प्रक्रिया** .....................................................................................................12

परिच्छेद- २: दूरदृष्टि, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धि सूचकहरु.....................................................................................................13

**२.१. राष्ट्रिय दीर्घकालीन सोच** .....................................................................................................13

**२.२. प्रदेशको दीर्घकालीन सोच**.....................................................................................................14

**२.३. गाउँपालिकाको दीर्घकालीन सोच** .....................................................................................................14

**२.४. गाउँपालिकाको लक्ष्य** .....................................................................................................14

**२.५. गाउँपालिकाका उद्देश्यहरु**.....................................................................................................14

**२.६. गाउँपालिकाका रणनीतिहरु**.....................................................................................................14

**२.७. मुख्य कार्यसम्पादन सूचकहरु**.....................................................................................................16

परिच्छेत- ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु .....................................................................................................18

**३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा**.....................................................................................................18

**३.१.१. परिचय**.....................................................................................................18

**३.१.२. वर्तमान अवस्था**.....................................................................................................19

**३.१.३. अवसर र चुनौतीहरु**.....................................................................................................20

**३.१.४. उद्देश्यहरु** .....................................................................................................20

**३.१.५. रणनीतिहरु**.....................................................................................................21

**३.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**.....................................................................................................21

**३.२. आधारभूत शिक्षा** .....................................................................................................24

**३.२.१. परिचय**.....................................................................................................24

**३.२.२. वर्तमान अवस्था**.....................................................................................................24

**३.२.३. चुनौती तथा अवसरहरु** .....................................................................................................25

**३.२.४. उद्देश्य** .....................................................................................................26

३.२.५. रणनीति .......... 26
३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......... 27
३.३. माध्यमिक शिक्षा .......... 33
३.३.१. परिचय .......... 33
३.३.२. वर्तमान अवस्था .......... 33
३.३.३. अवसर र चुनौती .......... 34
३.३.४. उदेश्यहरु .......... 35
३.३.५. रणनीतिहरु .......... 35
३.३.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......... 36
३.४. पाठ्यक्रम र मूल्याङ्कन .......... 40
३.४.१. परिचय .......... 40
३.४.२. वर्तमान अवस्था .......... 41
३.४.३. अवसर तथा चुनौतीहरु .......... 42
३.४.४. उद्देश्य .......... 42
३.४.५. रणनीतिहरु .......... 43
३.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......... 43
३.५. शिक्षक व्यवस्थापन तथा विकास .......... 46
३.५.१. परिचय .......... 46
३.५.२. वर्तमान अवस्था .......... 46
३.५.३. अवसर तथा चुनौतीहरु .......... 47
३.५.४. उद्देश्य .......... 48
३.५.४. रणनीति .......... 48
३.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......... 49
३.६. अनौपचारिक तथा निरन्तर शिक्षा .......... 50
३.६.१. परिचय .......... 50
३.६.२. वर्तमान अवस्था .......... 52
३.६.३. अवसर र चुनौती .......... 52
३.६.४. उद्देश्यहरु .......... 53
३.६.५. रणनिति .......... 53
३.६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......... 54
परिच्छेत- ४ : अन्तरसम्बन्धित क्षेत्रहरु .......... 55
४.१. समावेशी तथा समता .......... 55
४.१.१. परिचय .......... 55

४.१.२. वर्तमान अवस्था......56
४.१.३. अवसर तथा चुनौतीहरु......57
४.१.४. उद्देश्यहरु......57
४.१.५. रणनीतिहरु......58
४.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......58
४.२. दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम......59
४.२.१. परिचय......59
४.२.२. वर्तमान अवस्था......60
४.२.३. अवसर तथ चुनौतीहरुः......60
४.२.४. उद्देश्यहरु......61
४.२.५. रणनीतिहरु......62
४.२.६. उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य......62
४.३. छात्रवृत्ति......64
४.३.१. परिचय......64
४.३.२. वर्तमान अवस्थाः......64
४.३.३. अवसर र चुनौतीहरु......65
४.३.४. उद्देश्य......66
४.३.५. रणनीतिहरुः......66
४.३.५. उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्यः......66
४.४. आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा......68
४.४.१. परिचय......68
४.४.२. वर्तमान अवस्था......69
४.४.३. अवसर तथा चुनौतिहरु......69
४.४.४. उद्देश्य......70
४.४.५. रणनीतिहरु......70
४.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......71
४.५. विद्यालयको भौतिक पूर्वाधार विकास......72
४.५.१. परिचय......72
४.५.२. वर्तमान अवस्थाः......72
४.५.३. अवसर र चुनौतीहरु......73
४.५.४. उद्देश्यः......73
४.५.५. रणनीतिहरू......73
४.५.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......74

४.६.   शिक्षामा सूचना र प्रविधि ........ 75
४.६.१. परिचय ........ 75
४.६ .२. वर्तमान अवस्था ........ 76
४.६ .३. अवसर र चुनौतीहरु ........ 77
४.६.४. उद्देश्यहरूः ........ 77
४.६.५. रणनीतिहरु ........ 78
४.६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 78
परिच्छेत- ५ :  विद्यालय सुशासन तथा व्यवस्थापन ........ 80
५.१.१. परिचय ........ 80
५.१.२. वर्तमान अवस्था ........ 81
५.१.३. अवसर तथा चुनौतिहरु ........ 82
५.१.४. उद्देश्यः ........ 82
५.१.५. रणनीतिहरु ........ 82
५.१.६.  उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 83
परिच्छेद- ६ : लगानी र स्रोत व्यवस्थापन ........ 85
६.१. परिचय ........ 85
६.२. वर्तमान अवस्था ........ 85
६.३. अवसर तथा चुनौतीहरु ........ 87
६.४. उद्देश्य ........ 87
६.५. रणनीतिहरु ........ 87
६.६. स्रोतको अनुमान र विश्लेषण ........ 88
६.६. प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान ........ 88
परिच्छेद- ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण ........ 90
७.१. परिचय ........ 90
७.३. अवसर र चुनौतीहरु ........ 91
७.४. उद्देश्यहरुः ........ 92
७.५. रणनीतिहरु ........ 93
७.६.  उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 93
परिच्छेद - ८ : कार्यक्रम नतिजा खाका ........ 94
सन्दर्भ सामग्रीहरुः ........

# परिच्छेद- १ : परिचय

## १.१. पृष्ठभूमि

२१औं शताब्दी विज्ञान र प्रविधिको युग हो । यस अवधिमा समयानुकुल प्रविधियुक्त गुणस्तरीय शिक्षा अपरिहार्य रहेको छ। साथै शिक्षा सामाजिक विकास तथा आर्थिक रुपान्तरणको मूल आधार हो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू, आफ्नो समाज र राष्ट्रको विकास तथा परिवर्तनमा सशक्त भूमिका खेल्छ। त्यसैले शिक्षा समाज परिवर्तन, सामाजिकीकरण, सामाजिक न्याय र शान्ति स्थापनाको आधारका साथै समाज विकासको मेरुदण्ड हो। तेस्रो आँखाको रुपमा रहेको शिक्षा कोक्रोबाट शुरु भएर चिहानमा अन्त्य हुने प्रक्रिया पनि हो। शिक्षाले राष्ट्र निर्माण तथा विकासका लागि चाहिने मानव संसाधनको निर्माण गर्दछ तसर्थ यस प्रक्रियाको लागि शिक्षा अपरिहार्य छ। नेपालको संविधान २०७२ मा आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ साथै माध्यमिक तहको शिक्षालाई निःशुल्क गरेको छ। त्यस्तै अपाङ्ग, दलित, अति पिछडिएका बालबालिकालाई शिक्षा निःशुल्क गरेको छ। नेपाल संघीय स्वरुपको राज्य व्यवस्था भए संगै तीन तहका सरकार क्रियाशिल छन् र आ-आफ्नो परिवेश, आवश्यकता र प्राप्त अधिकार अनुसार शिक्षा क्षेत्रलाई सम्बोधन गर्नु पर्ने हुन्छ। साथै शिक्षाको विकासको लागि योजना बनाई राष्ट्रले लिएका लक्ष्य पूरा गर्नु आजको आवश्यकता हो। नेपालमा औपचारिक शिक्षाको विकास राणाकालबाट शुरुवात भएको हो। यसै अनुरुप नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षालाई व्यवस्थित बनाउने प्रयास गरेको थियो। यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग २०१८, राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८-२०३२, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरिय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदन तयार भई कार्यान्वयन भएका छन्।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, १५औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ। समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरी गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ। उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ।

नेपाललाई सन् २०२२ सम्ममा अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ सम्ममा मध्यम आय भएको राष्ट्र बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारले राखेका २५ वर्षीय दीर्घकालीन सोच अन्तर्गत "समृद्द नेपाल सुखी नेपाली" को लक्ष्य प्राप्तिको लागि शिक्षा क्षेत्रको विकास, सुधार, सहभागिता र योगदान सुनिश्चित गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजको आवश्यकता हो।

स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा वजेट तथा कार्यक्रम तयार गर्नुपर्छ। संघीय र प्रदेश सरकारबाट प्राप्त वजेट र स्थानीय तहको आन्तरिक वजेटबाट स्थानीय सरकारले कार्यक्रम बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। विश्वव्यापी माहामारीको रुपमा

फैलिएको कोरोना (covid-19) भाईरसको कारणले शिक्षा क्षेत्रमा पारेको प्रभाव तथा असरलाई समेत मध्यनजर गरी शिक्षा क्षेत्रको सुधारका लागि गाउँपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयनका लागि योजना निर्माण गर्नु अति आवश्यक छ। राज्यको लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम पूरा गर्नका लागि चौविसे गाउँपालिकाले १० वर्षे शिक्षा योजना तयार गर्नु सान्दर्भिक रहेको छ।

नेपालका शैक्षिक क्षेत्रको अवस्थामा सुधार ल्याउन दीर्घकालीन योजनाको आवश्यकता रहेको छ । यस चौविसे गाउँपालिकाको शिक्षा क्षेत्रमा पनि थुप्रै समस्याहरू छन्। तसर्थ नयाँ योजना र प्रयासका साथ काम गरेर शिक्षाको गुणस्तरमा सुधार ल्याउनु अति आवश्यक छ। यस सन्दर्भमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्राविधिक तथा व्यवस्थापकीय सहयोग एवं शिक्षा विकास तथा समन्वय इकाई धनकुटाको आयोजनामा मिति २०७७ माघ ११ देखी १५ सम्म सञ्चालित स्थानीय तहका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमबाट शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन यो गाउँ शिक्षा योजना निर्माण कार्य प्रारम्भ भएको हो।

## १.२. गाउँपालिकाको सन्दर्भ

### १.२.१. सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सरकारको मिति २०७३/११/२२ गतेको निणर्य अनुसार साविकको गा.वि.स. छ नं. बुधवारे, मुढेवास, कुरुलेतेनुपा, वसन्तटार, राजारानी, मौनाबुधुक र बोधे समेटेर चौविसे गाउँपालिका घोषणा गरिएको हो। राष्ट्रिय जनगणना, २०६८ अनुसार चौविसे गाउँपालिकाको जनसंख्या १९,२८३ रहेको छ जस मध्ये पुरुष ४५.२४ प्रतिशत (८,७२३ जना) र महिला ५४.७६ प्रतिशत (१०,५६० जना) रहेको यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा सबैभन्दा बढी लिम्बूजाति ६,४७५ जना (३३.५८ प्रतिशत), दोस्रोमा मगर ३,०५९ जना (१५.८६ प्रतिशत) र तेस्रोमा क्षेत्री २,२१३ (११.४८ प्रतिशत) हरुको बसोबास रहेको छ।

यस गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको हिस्सा सबैभन्दा ठूलो रहेको छ। स्थानीय वासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, नोकरी, वैदेशिक रोजगार, पर्यटन आदि हुन्। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक व्यवसायिक कृषि प्रणाली अपनाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि अन्य गाउँपालिकाका विद्यार्थीहरु यस गाउँपालिकामा आउने र यस गाउँपालिकाका विद्यार्थीहरू अन्य छिमेकी गाउँ/नगरपालिका तथा जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत वर्गमा रहेका नागारिकहरूमा भने विद्युतीय उपभोगको पहुँच पुग्न सकेको छैन। विगतमा योजनावद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, ल्होसार, उधौली, उभौली, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशै, तिहार, माघे संक्रान्ति, चैते दशै आदि मनाउने गरिन्छ।

### १.२.२. आर्थिक सन्दर्भ

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्र मा पुर्याउने सरकारको महत्वकांक्षी योजनालाई साकार बनाउन चौविसे गाउँपालिकाले विभिन्न आर्थिक योजना तथा क्रियाकलापलाई संचालन गरेको छ । यहाँका मानिसको आर्थिक स्तरलाई उकास्नको लागि कृषि, पर्यटन, व्यापार, व्यबसाय, रोजगारी, स्वरोजगारमुखी आदि कार्यक्रम संचालन गरेको छ । साथै १० वर्षे गाउँ शिक्षा योजनालाई पुरा गर्नका लागि शिक्षामा प्राप्त संघ, प्रदेश तथा स्थानीय तहको वजेटलाई समन्वयात्मक ढंगले परिचालित गरिने र आवश्यकताको आधारमा शिक्षा क्षेत्रको वजेटलाई वृद्धि गर्दै लैजाने साथै विभिन्न सहयोगी सरकारी, गैरसरकारी, साझेदार संघ संस्था तथा  दातृ निकायको सहकार्यमा शिक्षा क्षेत्रको आर्थिक पक्षलाई सुदृढ बनाउँदै लैजाने लक्ष्य रहेको छ। साथै चौविसे गाउँपालिकाले आ.व. २०७८\२०७९ मा शिक्षा क्षेत्रमा तपशिल बमोजिमको वजेट विनियोजन  गरेको छ।

**आ. ब. २०७८\२०७९ मा शिक्षामा वजेट**

| क्र. सं. | वजेट शीर्षक | रकम |
|---|---|---|
| १ | तलव भत्ता (शिशु/के.जी. स.का., स्वयंसेवक शिक्षक, कर्मचारी) | १९६५३०००.०० |
| २ | छात्रवृत्ति | १६३८०००.०० |
| ३ | कार्यक्रम | ६२७००००.०० |
| | कुल वजेट | २७५६१०००.०० |

### १.२.३. भौगोलिक तथा जनसांख्कीय स्वरुप

चौविसे गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार प्रदेश नं.१ मा पर्दछ । चौविसे गाउँपालिका ८७°२४'२०" देखि ८७°३५'३०" र पूर्व देशान्तरसम्म २६°५२'२४" देखि २६°५९'३०" उत्तरी अक्षांशमा अवस्थित छ। १४७.१६ वर्ग. कि.मी. क्षेत्रफल रहेको यस चौविसे गाउँपालिकाको उत्तरमा छथर जोरपाटी गाउँपालिका र तेह्रथुम जिल्लाको छथर गाउँपालिका, पश्चिमतर्फ साँगुरीगढी गाउँपालिका, दक्षिणमा मोरङ जिल्लाको केराबारी गाउँपालिका र पूर्वमा पाँचथर जिल्लाको मिक्लाजुङ र तुम्बेवा गाउँपालिका रहेका छन्। यो गाउँपालिका समुद्री सतहबाट २५० मिटर उचाईदेखि २३५० मिटर सम्मको उचाईमा अवस्थित छ। पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको केही भाग खेतीयोग्य उर्वर जमिनले ओगटेको छ। यस गाउँपालिकामा केही जलाधार क्षेत्रहरू साथै साना-ठूला खोलाहरू र नदी रहेतापनि सुख्खा क्षेत्रहरू पनि रहेका छन्। गाउँपालिकाको प्रमुख जलाधारका रुपमा तमोर नदी, छरुवा खोला लगायत थुप्रै खोला, नदी, ताल तथा पोखरीहरू रहेका छन्।

राष्ट्रिय जनगणना, २०६८ अनुसार चौविसे गाउँपालिकाको जनसंख्या १९,२८३ रहेको छ जस मध्ये पुरुष ४५.२४ प्रतिशत (८,७२३ जना) र महिला ५४.७६ प्रतिशत (१०,५६० जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ८२.६० रहेको छ। जनघनत्व १३१ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५६.५१ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३२.७२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र १०.७७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ३.४५ प्रतिशत (६६५ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ३५३ जना पुरुष र ३१३ जना महिला छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार चौविसे गाउँपालिकामा ४,५४२

घरपरिवार रहेका छन् भने यस गाउँपालिकामा प्रति परिवार औषत ४.२५ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

## १.३. गाउँपालिकाको शैक्षिक सन्दर्भ

चौविसे गाउँपालिकामा जम्मा ४९ विद्यालयहरु रहेका छन्। जस मध्ये ४४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरु रहेका छन्। प्राविधिक तथा व्यवसायिक शिक्षा धार तर्फको विद्यालय संख्या १ , नमुना विद्यालय संख्या १ रहेको छ भने स्नातक तहसम्म अध्यापन हुने क्याम्पस १ रहेको छ। सामुदायिक सिकाइ केन्द्र ५ वटा रहेका छन्।

### १.३.१. नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरीएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरिकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ। त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। यसै गरी नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक, मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ। त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ। त्यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमुलक जनमूखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लागानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ। साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्द्धन गर्ने कुरा उल्लेख छ। त्यस्तै १५औं आवधिक योजनामा गुणस्तरीय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ। यसैगरी विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९/०८० ले समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता गणितीय सीप्र तथा आधारभूत जीवनोपयोगी सीपको विकासको अवसर प्रदान गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकास एवं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक, आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रवर्तनात्मक,मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुर्याउने दूरदृष्टि राखेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा शिक्षा क्षेत्रमा तपशिलका अधिकारहरु उल्लेख गरिएको छ-

- गाउँ शिक्षा सम्बन्धी नीति कानुन ,मापदण्ड ,योजना तर्जुमा, कार्यान्वयन , अनुगमन र मुल्याङ्कन
- विद्यालय स्थापना तथा व्यवस्थापन र अनुमति
- शिक्षा सम्बन्धी तालिम गोष्ठी संचालन
- गाभिएका र बन्द भएका विद्यालयको सम्पत्ति व्यवस्थापन
- गाउँ शिक्षा समिति , विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख,संरक्षण र व्यवस्थापन
- विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि विभिन्न तालिम ,गोष्ठी संचालन तथा पाठ्यसामाग्री वितरण
- सामुदायिक विद्यालयको दरवन्दी मिलान
- विद्यालयको नक्साङ्कन
- सामुदायिक विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत
- आधारभूत तहको परीक्षा संचालन अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धी परीक्षण र मूल्याङ्कन
- छात्रवृत्ति व्यवस्थापन
- सामुदायिक आध्ययन केन्द्र  सामुदायिक वाचनालय र सामुदायिक पुस्तकालयको संचालन र व्यवस्थापन
- अतिरिक्त क्रियाकलापको आयोजना

यस गाउँपालिकाले स्थापनाकालदेखि नै विद्यालयको शैक्षिक गुणस्तर सुधारमा निम्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ -

- चौविसे गाउँपालिकामा माध्यमिक तह कक्षा ११– १२ मा विज्ञान र होटेल व्यवस्थापन  साथै माध्यमिक तहको कक्षा ९–१२ मा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीहरुलाई  पूर्ण छात्रवृत्तिको व्यवस्था
- ३० वटा सामुदायिक विद्यालयहरुमा  ३३ जना दरबन्दी सहितको के.जी. कक्षा व्यवस्थापन
- बालविकास केन्द्र नभएका ६ वटा सामुदायिक विद्यालयहरुमा  दरबन्दी सहितको शिशु कक्षा व्यवस्थापन
- ४४ वटै सामुदायिक विद्यालय तथा ३ वटा वालविकास केन्द्रमा  रमाइलो पढाइका लागि स्मार्ट टिभी वितरण
- सबै आधारभूत तथा माध्यमिक विद्यालयमा CCTV Camera र विद्युतीय हाजिरी जडान
- उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण
- भौगोलिक अवस्थिति तथा सक्षमताका आधारमा ७ वटा माध्यमिक विद्यालयलाई लिडर विद्यालयको जिम्मेवारी प्रदान
- २ वटा विद्यालयमा निम्न माध्यमिक तहका स्वयम् सेवक शिक्षक दरबन्दी वितरण

- ११ वटा विद्यालयका ३३ वटा कक्षाकोठामा भित्ते लेखन
- विद्यार्थी संख्या नभएका वा एकदमै न्युन भएका विद्यालयहरुलाई आवश्यकताका आधारमा समायोजन
- राष्ट्रिय मापदण्ड तथा स्थानीय आवश्यकताका आधारमा शिक्षक दरबन्दीको पुनर्बितरण
- मातृभाषामा अध्यापन गर्ने विद्यालयहरुलाई प्रोत्साहन अनुदान प्रदान
- २९ वटा आधारभूत तह (कक्षा १–३ र १–५) सञ्चालित विद्यालयलाई कम्प्युटर, प्रिन्टर र युपियस वितरण
- कक्षाकोठा भित्ते लेखन नगरिएका १८ वटा विद्यालयहरुमा विभिन्न प्रकारका शैक्षिक सामग्री वितरण
- आधारभूत तथा माध्यमिक विद्यालयहरुमा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन
- चौविसे गाउँपालिकाको शिक्षा पार्श्व चित्र निर्माण तथा प्रकाशन
- आधारभूत तह (कक्षा ८ ) उतीर्ण परीक्षा अनलाइन इमिस प्रविधिवाट व्यवस्थापन
- विद्यालयका तथ्याङ्कहरु इमिसमा अध्यावधिक गराउन इमिस सम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन
- सबै सामुदायिक विद्यालयका के.जी. र बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई प्रोत्साहन अनुदान प्रदान

## १.३.२. अवस्था, उपलब्धि र अन्तर

### *१.३.२.१. अवस्था*

चौविसे गाउँपालिकामा जम्मा ४९ विद्यालयहरु रहेका छन् । जस मध्ये ४४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरु रहेका छन् । प्राविधिक तथा व्यवसायिक शिक्षा धार तर्फको विद्यालय संख्या १ , नमुना विद्यालय संख्या १ रहेको छ भने स्नातक तहसम्म अध्यापन हुने क्याम्पस १ रहेको छ । सामुदायिक सिकाइ केन्द्र ५ वटा रहेका छन् ।

यस गाउँपालिकाको २०६८ सालको जनगणना अनुसार सक्षारताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७३.८१ रहेको छ भने अझै पनि २६.१९ प्रतिशत जनसंख्या निरक्षर रहेको छ । तहगत रुपमा हेर्दा आधारभूत तहमा सामुदायिक तर्फ ३४ र संस्थागत तर्फ ५ गरी ३९ वटा विद्यालय रहेका छन् भने माध्यमिक तर्फ सामुदायिक मात्र १० वटा विद्यालय रहेका छन् । यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी सङ्ख्या २२६ छ जस मध्ये राहत अनुदान संख्या ४३ रहेको छ । यस गाउँपालिकामा जम्मा ५४ जना विद्यालय कर्मचारी रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ७९ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा २१ प्रतिशत मात्र रहेका छन् । यस गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने शै.स. २०७७ को विद्यार्थी संख्याको आधारमा आधारभूत तहमा प्रति शिक्षक १६ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा २२ जना र समग्रमा १७ जना रहेका छन् ।

यस चौविसे गाउँपालिकाले गाउँपालिका स्थापना सँगै शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर लगानी गर्दै आएको छ। हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ। विद्यालय शिक्षामा गरिएको लगानीलाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको रुपमा रहको छ। पहुँचका नजरबाट गाउँपालिकाको शिक्षा अवस्था विश्लेषण गर्दा अझै पनि केही बालकालिकाहरु विद्यालय शिक्षाको पहुँचमा आउन नसकिरहेको अवस्था छ। गाउँपालिका शिक्षा प्रोफाइल २०७८ अनुसार कक्षा १ को खुद प्रवेसदर ९८.१ छ भने कक्षा १ मा बालबिकासको अनुभव सहितको भर्ना दर ८७.५ प्रतिशत रहेको छ। आधारभुत तहमा २.९ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका देखिदैनन्। त्यस्ता बालबालिकाहरु अति गरीब सीमान्तकृत तथा अभिभावकको संरक्षण नभएका बालबालिकाहरु हुन सक्छन् । त्यसैगरी माध्यमिक तहमा ४६.५ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका छैनन्। यस गाउँपालिकाको समग्र सिकाइ उपलब्धी ५५.२ प्रतिशत मात्र रहेको देखिन्छ। आधारभूत तहको विद्यालय छोड्ने दर कक्षा १-५ मा २.९ प्रतिशत, कक्षा ६-८ मा ३.९ प्रतिशत र माध्यमिक तहको कक्षा ९-१० मा २.१ प्रतिशत रहेको छ।

### *१.३.२.२. उपलब्धि र अन्तर*

चौविसे गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिंदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ। समग्र शैक्षिक सूचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ।

| Indicator | Level | Chaubise Rural Municipality |
|---|---|---|
| **ECD Experience in G1** | Girls | 81.5 |
| | Boys | 92.8 |
| | Total | 87.5 |
| **GIR in Grade 1** | Girls | 107.8 |
| | Boys | 106.9 |
| | Total | 107.3 |
| **GER in Lower basic** | Girls | 110.1 |
| | Boys | 124.0 |
| | Total | 116.6 |
| **GER in Upper basic** | Girls | 114.4 |
| | Boys | 109.9 |
| | Total | 112.2 |
| **GER in Basic** | Girls | 111.8 |
| | Boys | 117.9 |
| | Total | 114.7 |

| Indicator | Level | Chaubise Rural Municipality |
|---|---|---|
| **GER in Secondary (G9-10)** | Girls | 106.3 |
| | Boys | 94.2 |
| | Total | 99.7 |
| **GER in Secondary (G11-12)** | Girls | 81.4 |
| | Boys | 79.9 |
| | Total | 80.7 |
| **GER in Secondary (G9-12)** | Girls | 91.4 |
| | Boys | 86.5 |
| | Total | 88.9 |
| **NIR in Grade 1** | Girls | 98.6 |
| | Boys | 97.7 |
| | Total | 98.1 |
| **NER in Lower basic** | Girls | 96.6 |
| | Boys | 98.5 |
| | Total | 97.5 |
| **NER in Upper basic** | Girls | 97.7 |
| | Boys | 95.6 |
| | Total | 96.6 |
| **NER in Basic level** | Girls | 97.1 |
| | Boys | 97.0 |
| | Total | 97.1 |
| **NER in Secondary (G9-10)** | Girls | 86.5 |
| | Boys | 83.4 |
| | Total | 84.9 |
| **NER in Secondary (G11-12)** | Girls | 31.8 |
| | Boys | 32.7 |
| | Total | 32.3 |
| **NER in Secondary (G9-12)** | Girls | 59.2 |
| | Boys | 58.0 |
| | Total | 58.6 |
| **Net Intake Rate 1** | Girls | 81.5 |
| | Boys | 92.8 |
| | Total | 87.5 |
| **ECD GER** | Girls | 124.7 |
| | Boys | 109.3 |
| | Total | 116.5 |

| Indicator | Level | Chaubise Rural Municipality |
|---|---|---|
| **ECD NER** | Girls | 82.2 |
| | Boys | 78.1 |
| | Total | 80.0 |
| **G1-5 Promotion** | Girls | 90.6 |
| | Boys | 87.0 |
| | Total | 88.8 |
| **G1-5 Repetition** | Girls | 7.1 |
| | Boys | 9.4 |
| | Total | 8.3 |
| **G1-5 Dropout** | Girls | 2.2 |
| | Boys | 3.6 |
| | Total | 2.9 |
| **G6-8 Promotion** | Girls | 84.9 |
| | Boys | 84.3 |
| | Total | 84.6 |
| **G6-8 Repetition** | Girls | 11.0 |
| | Boys | 12.0 |
| | Total | 11.6 |
| **G6-8 Dropout** | Girls | 4.1 |
| | Boys | 3.6 |
| | Total | 3.9 |
| **G9-10 Promotion** | Girls | 91.2 |
| | Boys | 95.6 |
| | Total | 93.3 |
| **G9-10 Repetition** | Girls | 6.0 |
| | Boys | 2.9 |
| | Total | 4.6 |
| **G9-10 Dropout** | Girls | 2.7 |
| | Boys | 1.5 |
| | Total | 2.1 |
| **Survival Rate to Grade 5** | Girls | 96.3 |
| | Boys | 90.6 |
| | Total | 93.5 |
| **Coefficient of internal efficiency at Lower basic level** | Girls | 90.0 |
| | Boys | 86.2 |
| | Total | 88.1 |

| Indicator | Level | Chaubise Rural Municipality |
|---|---|---|
| **Survival Rate to Grade 8** | Girls | 92.3 |
| | Boys | 87.2 |
| | Total | 89.8 |
| **Coefficient of internal efficiency in Basic Level** | Girls | 83.6 |
| | Boys | 81.0 |
| | Total | 83.5 |
| **Survival Rate to Grade 10** | Girls | 61.6 |
| | Boys | 56.4 |
| | Total | 59.0 |
| **Coefficient of internal efficiency in Secondary Level** | Girls | 57.6 |
| | Boys | 58.7 |
| | Total | 58.9 |
| **Learning Achievement Rate 2076** | Total | ५५.२ |
| **2076 मा कक्षा ८ २.८ बाट ३.२ ग्रेड ल्याउने %** | Total | ६.० |
| **2076 मा कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने %** | Total | २.३ |
| **2076 मा कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने %** | Total | ०.५ |
| **2076 मा कक्षा ८ २.८ तलको ग्रेड ल्याउने %** | Total | ९१.३ |
| **2075 मा कक्षा SEE २.८ बाट ३.२ ग्रेड ल्याउने %** | Total | ३.२ |
| **2075 मा कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने %** | Total | १.० |
| **2075 मा कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने %** | Total | ०.१ |
| **2075 मा कक्षा SEE २.८ तलको ग्रेड ल्याउने %** | Total | ९५.८ |

*तथ्यांक स्रोत : CEHRD Flash Report 2077 तथा District IEMIS Dash board*

माथिको टेबल अनुसार प्रारम्भिक वाल विकास केन्द्रमा खुद भर्ना दर ८०.०% रहेको देखिन्छ भने वालविकास को अनुभव सहित कक्षा १मा नयाँ भर्ना ८७.५% रहेको देखिन्छ । यसरी हेर्दा अझै केही प्रारम्भिक वालविकास उमेरका बालबालिकाहरुले कक्षा १ पूर्वको शिक्षा लिन नपाइरहेको देखिन्छ। त्यसैगरी कक्षा १ मा नयाँ भर्ना १०७.३% देखिन्छ भने आधारभुत तह (१-५) मा खुद भर्ना दर ९७.१%, आधारभुत तह (१-८) मा खुद भर्ना दर ९७.१% माध्यामिक तह (९-१२) मा खुद भर्नादर ५८.६% रहेको छ। त्यसैगरी आधारभुत तह (१-५) मा कक्षा छाड्ने दर २.९%, आधारभुत तह (६-८) मा कक्षा छाड्ने दर ३.९% र माध्यामिक तह (९-१०) मा कक्षा छाड्ने दर २.१% रहेको छ। कक्षा ५ सम्मको टिकाउदर ९३.५% रहेको छ भने कक्षा ८ सम्म ८९.८% र कक्षा १० सम्म ५९.०% रहेको छ। आधारभूत तहको आन्तरिक सक्षमता ८३.५% रहेको छ भने माध्यमिक तहमा ५८.९% मात्र रहेको छ। यसरी हेर्दा प्रणालीगत सक्षमतामा पनि सुधारको क्षेत्रहरु देखिएका छन्। यस पालिकाको समग्र सिकाइ उलब्धी ५५.२ प्रतिशत मात्र रहेको देखिन्छ भने कक्षा ८ मा ३.२ माथि को ग्रेड ल्याउन विद्यार्थी प्रतिशत ६.० प्रतिशत मात्र रहेको छ। भने एसइइमा ३.२ माथि को ग्रेड ल्याउने विद्यार्थी प्रतिशत १.० मात्र रहेको छ। विद्यालय छोड्ने दर आधारभू त तहको २.९ र माध्यमिक तह को २.१ रहेको छ।

### *१.३.३ प्रमुख समस्या*

यस चौविसे गाउँपालिकाको शिक्षा सम्बन्धी समस्याहरु यस प्रकार छन्-

- माध्यमिक तहमा शिक्षामा वालबालिकाको पहुँच कमजोर हुनु
- आर्थिक रुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको शिक्षामा पँहुच कम हुनु
- विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाइ उपलब्धीको स्तरमा कमी हुनु
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु
- तहगत , क्षेत्रगत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- पठन संस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तार गर्न नसक्नु
- सुसाशन , जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु
- सार्वजनिक तथा नीजि लगानीका शैक्षिक संस्थाको उचित नियमन, व्यवस्थापन गर्न नसक्नु
- भौगोलिक अवस्था अनुसार विद्यालय वालबालिकाको लागि टाढा हुनु यसको परिणाम स्वरुप वालबालिकाहरु बजार केन्द्रित नीजि विद्यालय तर्फ आकर्षित हुनु
- शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा अपेक्षित परिवर्तन ल्याउन नसक्नु
- विद्यालय शिक्षामा सबैको पँहुच , समता, गुणस्तर, सुशासन, ब्यवस्थापन तथा सिकाका लागि न्यूनतम आवश्यक वातावरण सुनिश्चित गर्न नसक्नु
- निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरुको परिचालन अनुगमन तथा ब्यवस्थापन गर्न नसक्नु
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु

### *१.३.४ चुनौतिहरु तथा अवसरहरु*

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु , विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु ,गाउँपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु , शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु,स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

अवसरको रुपमा हेर्दा यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि गाउँपालिकामा विभिन्न कार्यक्रम लागु हुनु जस्तैः राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका कारण  सार्वजनिक विद्यालयका अभिभावक तथा सरोकारवालाको चासो र जनअपेक्षा बढ्दै जानु, शैक्षिक सूचकाङ्कहरुको प्रगति सकारात्मक दिशातिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् । साथै शिक्षकको पेशागत सहयोग व्यवस्थापन कार्याविधि २०७७ अनुसार स्थानीय तहमा विज्ञ समूह गठन भई शिक्षकलाई पेशागत सहयोग गर्ने कार्यको प्रारम्भ हुनु पनि अवसरको रुपमा रहेको छ । त्यसैगरी अन्य समस्या तथा चुनौतिहरु यस प्रकार रहेका छन्-

- प्रारम्भिक वाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार संचालन गर्ने
- आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा  विद्यालयको स्थापना ,समायोजन तथा पुन वितरण
- विद्यालयमा बालमैत्री ,अपाङ्गमैत्री, लैङगिक मैत्री वातावरण निर्माण
- ईन्टरनेट तथा सूचना र प्रविधिको पहुँच सम्पूर्ण विद्यालयमा पुर्याउने
- भौतिक  पुर्वाधार  निर्माण , मर्मत र शैक्षिक वातावरणको निर्माण
- अनिवार्य , निःशुल्क तथा गुणस्तरीय सिकाइलाई सुनिश्चित गर्ने
- व्यबहार कुशल सिपलाई बालविकासदेखि माध्यामिक तहसम्म एकिकृत गर्ने र सिकाइलाई जीबनोपयोगी बनाउन स्थानीय पाठ्यक्रमलाई लागू गर्ने
- प्राविधिक तथा व्यबसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुच विस्तार गरी सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्ने
- बाल विकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरुलाई तालिम गोष्ठी सेमिनार को ब्यबस्था गर्ने
- अनौपचारिक तथा निरन्तर सिकाइलाई प्रभाबकारी बनाउन सामुदायिक सिकाइ केन्द्र , सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा संचालन प्रभावकारी बनाउने
- अध्ययनका लागि डिजिटल सामाग्रीको विकास तथा वितरण

## १.४. योजना निर्माणको प्रक्रिया

कुनै पनि कार्यलाई सरल र सहज ढंगले समयमा सम्पन्न गर्नको लागि प्रतिफलको आशा सहित गरिएको कार्यको स्वरुपको सिलसिला बद्द रुपरेखा नै योजना हो ।  यो आफैमा निर्मित हुदैन साथै यो जटिल र चुनौतिपूर्ण कार्य हो । यसलाई अगाडि बढाउन निम्न चरण र प्रक्रिया अबलम्बन गरिएको छ । गाउँपालिकाले तयार गरेको यस योजनालाई शिक्षा विकास तथा समन्वय इकाइ धनकुटा सहित विशेष गरी EGRP II ले प्राविधिक सहयोग र  समन्वय गरेको थियो । समग्रमा योजनाको कार्यलाई ब्यवस्थित बनाउनको लागि तलका चरणहरु पूरा गरिएको छ ।

- राष्ट्रिय प्रारभ्भिक कक्षा पढाइ कार्यक्रमलाई प्राविधिक सहयोगकर्ताको रुपमा सहयोग गर्ने संस्था प्रारभ्भिक कक्षा पढाइ कार्यक्रम दोश्रोले शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको आयोजनामा शिक्षा योजना निर्माण तथा

क्षमता विकास सम्बन्धी ५ दिने कार्यक्रम मिति २०७७ माघ ११ बाट १५ सम्म सञ्चालन गरिएको र पालिकाले शिक्षा योजना तयार गर्ने प्रतिवद्धता ब्यक्त गरेको।

- गाउँ शिक्षा समितिको मिति २०७७ फाल्गुन १६ को बैठकले शिक्षा योजना निमार्णका लागि कार्यादेश सहितको १२ सदस्यीय निर्माण कार्यदलको गठन भएको।
- कार्यदलको मिति २०७८ वैशाख ९ गते बैठक बसी शिक्षा प्रोफाइल तथा शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाड गरिएको।
- कार्यदलले शिक्षा प्रोफाइल तथा योजना लेखनको लागि लेखन समूह निर्माण गरी लेखन समूहलाई अभिमूखीकरण गरी कामको विभाजन गरेको।
- विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट शिक्षा प्रोफाइलको विकास तथा प्रमाणित गरिएको।
- शिक्षा योजना लेखन समूह (अर्थात पालिका तथा शिक्षकहरुको टीम) बाट योजनाको लेखन तथा लेखन समूहको छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको।
- शिक्षा प्रोफायल तयार भए पछि पछिल्ला तथ्याङ्कहरु समेत समावेश गरी शिक्षा योजनाको दोस्रो मस्यौदा तयार गरिएको
- त्यस पश्चात योजना लेखन कार्यमा सहयोग पुर्याउन गठित जिल्ला प्राविधिक कार्यदलका सदस्यहरुबाट अध्ययन तथा सुझाब प्रदान गरिएको ।
- अन्तर पालिकाको लेखन टिम र जिल्ला प्राविधिक कार्यदलको सदस्यहरु समेत रहेको टिमबाट मिति २०७८/०८/०५ देखि ०७ सम्म लेखन कार्यको प्राविधिक अध्ययन तथा मस्यौदाको अन्तिमीकरण गरिएको ।
- मुख्य सरोकारवालाहरुबाट योजनाको मस्यौदा उपर सुझाबको लागि १ दिने कार्यशाला मिति २०७८/०८/१६ मा आयोजना गरिएको ।
- कार्याशालावाट प्राप्त सुझावहरुका आधारमा आवश्यक परिमार्जन सहित थप सुझाबको लागि योजनाको मस्यौदालाई गाउँपालिकाको वेभसाइटमा मस्यौदालाई Upload गरिएको ।
- सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझाबको लागि प्रस्तुत गरिएको।
- गाउँकार्यपालिकाको मिति २०७८/०९/१० गतेको बैठकबाट स्वीकृती/ प्रमाणित भई मिति ..............गतेको गाउँसभाबाट अनुमोदन गरिएको।

# परिच्छेद- २: दूरदृष्टि, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धि सूचकहरु

## २.१. राष्ट्रिय दीर्घकालीन सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

## २.२. प्रदेशको दीर्घकालीन सोच

.......................................

## २.३. गाउँपालिकाको दीर्घकालीन सोच

चौविसे गाउँपालिकाको ईच्छा : सबैलाई गुणस्तरीय र सर्वसुलभ शिक्षा

## २.४. गाउँपालिकाको लक्ष्य

माध्यमिक तह सम्मको शिक्षामा समावेशीता सहितको पहुँच, समता र सक्षमतामा आधारित गुणस्तरीय र जीवन उपयोगी शिक्षा सुनिश्चित गर्ने ।

## २.५. गाउँपालिकाका उद्देश्यहरु

- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा निशुल्क समन्यायिक पहुँच विस्तार गर्नु
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चित गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- प्राविधिक , व्यवसायिक ,रोजगारमूखी तथा प्रविधिमैत्री शिक्षाको माध्यमवाट दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्नु ।

## २.६. गाउँपालिकाका रणनीतिहरु

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागू गरी त्यसलाई निरन्तरता दिइनेछ ।
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।
- पहुँचको सुनिश्चितताको लागि “एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व” कार्यक्रम लागू गरिनेछ ।
- बालबालिकाहरुको पहुँच सुनिश्चतताका लागि बालविकास कक्षा भर्ना भएका बालबालिकाहरुका लागि "पालिका प्रमुख बाल वचत कार्यक्रम” सञ्चालन गरी बालबालिकाहरुको शैक्षिक सहयोग कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- सिमान्तकृत तथा पछाडिपारिएका वर्गका तथा कार्यगत सीमितता (भिन्न क्षमता) भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ ।
- वडा तथा पालिकास्तरमा सतप्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ ।

- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई निरन्तरता दिदै लगिनेछ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागू गरिनेछ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माण कार्यक्रम लागू गरिनेछ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्दिका लागि सरोकारवाला बीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागू गरिनेछ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा निश्चित कार्यविधि बनाई एक जना व्यक्तिको व्यवस्था गरिनेछ।
- शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहद्वारा प्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम (आधारभूत कम्प्युटर सम्बन्धी तालिम) कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सन्जाललाई शिक्षणसिकाइ कार्यमा आवद्ध गर्दै लगिनेछ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याइने छ।
- सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ३, ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरण सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागू गरिनेछ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शैचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गरिनेछ।
- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलीमा  तोकिए अनुसार प्रअ ब्यवस्थापन गरी प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लगिनेछ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- प्रअलाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको ब्यवस्था गरिनेछ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन निम्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछः

I. विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम
II. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
III. कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड
IV. शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन
V. सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने
VI. सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने
VII. विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत गाउँपालिकाले लिने प्रबन्ध मिलाउने।

- बालबालिकाहरुको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागू गरिनेछ।
- बालबालिकाहरुको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागू गरिनेछ।
- निरन्तर सिकाइको लागि हरेक वडामा एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी थप सुदृढीकरण गर्दै निरन्तर सिकाइ तथा जीवन उपयोगी सिपका कार्यक्रम सञ्चालनको पूर्ण जिम्मेवारी प्रदान गर्दै लगिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा कार्यविधि तयार गरी विद्यालय विपद् सहायता कोष सञ्चालन गरिनेछ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- प्राविधिक तथा ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।
- अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ।

## २.७. मुख्य कार्यसम्पादन सूचकहरु

| मुख्य कार्यसम्पादन सूचक | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **तह** | **सूचांक** | **आधार वर्ष २०७७** | **२०८२** | **२०८७** |
| 1.1 | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ११६.५ | १०८.० | १००.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ८०. | ८८.० | ९६.० |
| 1.3 | | न्यूनतम योग्यता पूरा भएका शिक्षकको प्रतिशत | N/A | ०.० | ०.० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | N/A | ०.० | ०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८७.५ | ९१.० | ९४.० |
| 2.1 | **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९८.१ | ९८.५ | ९९.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ८७.५ | ९०.० | ९४.० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.५ | ९८.४ | ९९.० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११६.६ | १०८.० | १००.० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९६.६ | ९७.४ | ९९.० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११२.२ | १०७.० | १००.० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९७.१ | ९८.० | ९९.० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११४.७ | १०६.० | १००.० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.० | १.० |
| 2.1 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८९.८ | ९३.० | ९५.० |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | N/A | ०.० | ०.० |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | N/A | ०.० | ०.० |
| 3.1 | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८४.९ | ८८.० | ९२.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ९९.७ | १००.० | १००.० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३२.३ | ४०.० | ४५.० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ८०.७ | ८७.० | ९२.० |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.६ | ६६.० | ७०.० |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८८.९ | ९२.० | ९८.० |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | N/A | ०.० | ०.० |
| 3.8 | | कक्षा १ माभर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | N/A | ०.० | ०.० |
| 3.9 | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.० | १.० |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर | NA | ०.० | ०.० |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | N/A | ०.० | ०.० |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | N/A | ०.० | ०.० |
| 5.1 | **महिला** | आधारभूत तह (कक्षा १-८) | ३६ | ३६.० | ३७.० |

| | | | | | |
|---|---|---|---|---|---|
| 5.2 | **शिक्षक प्रतिशत** | माध्यमिक तह (कक्षा९-१२) | ११ | १३.० | १५.० |
| 6.1 | **PMEC पूरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | N/A | ०.० | ०.० |
| 6.2 | | आधारभूत | N/A | ०.० | ०.० |
| 6.3 | | माध्यमिक | N/A | ०.० | ०.० |
| 7 | **स्थानीय तहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | ७.६५ | ११.० | १५.० |
| 8. 1 | **विद्यालय छोड्ने दर** | आधारभूत तह (कक्षा १-५) | २.९ | २.५ | ०.० |
| 8.2 | | आधारभूत तह (कक्षा ६-८) | ३.९ | १.८ | ०.० |
| 8.3 | | माध्यमिक तह (कक्षा ९-१०) | २.१ | १.४ | ०.० |
| 9.1 | **कक्षा दोहोर्याउने दर** | आधारभूत तह (कक्षा १-५) | ८.३ | ५.० | ०.० |
| 9.2 | | आधारभूत तह (कक्षा ६-८) | ११.६ | ६.० | २.० |
| 9.3 | | माध्यमिकतह (कक्षा ९-१०) | ४.६ | ३.२ | ०.० |
| 10.1 | **सिकाइ उपलब्धी दर** | कक्षा ८ मा३.२ बाट ३.६ ग्रेड ल्याउने % | २.३ | १०.० | १२.० |
| 10.2 | | कक्षा ८ मा३.६ बाट ४.० ग्रेड ल्याउने % | ०.५ | ४.० | ६.० |
| 10.3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १. | २.० | २.५ |
| 10.4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | ०.१ | ०.५ | १.० |
| 11.1 | **प्रारम्भिक कक्षाको पठन सिप** | CB EGRA कक्षा १ समग्र | ७९.५ | ८३.० | ९०.० |
| 11.2 | | CB EGRA कक्षा २ समग्र | ६९.५ | ७७.० | ८१.० |
| 11.3 | | CB EGRA कक्षा ३ समग्र | ७१. | ७९.० | ८४.० |

# परिच्छेत- ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक वालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो। नेपालको संविधानको धारा ३९ को बालबालिकाको हक उपधारा (३)

मा “प्रत्येक बालबालिकालाई प्रारम्भिक वालविकास तथा वाल सहभागिताको हक हुनेछ” भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले वालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगका रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । एक वर्षको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएकोले र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि वालविकास कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयको सहयोगले यस गाउँपालिकामा प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर चौविसे गाँउपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक वालविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेश गरिएको छ ।

### ३.१.२. वर्तमान अवस्था

शिक्षा क्षेत्रको योजना २०२१–२०३० को तथ्याङ्क अनुसार हाल नेपालमा ३०,०३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक वालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरु रहेका छन् । चार वर्ष उमेरका बालबालिकाको कुल संख्या ६,४०,००० मध्ये ४,३६,११५ (६७.२ प्रतिशत) प्रारम्भिक वालविकासमा भर्ना भएको देखिन्छ । प्रारम्भिक वालविकास तथा शिक्षा चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको पहुँचमा पुर्याउन विगतदेखि संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्रबाट संचालित वालविकास केन्द्र सञ्चालनमा रहेका छन् । चौविसे गाँउपालिकामा हाल संघीय सरकारबाट अनुमति प्राप्त ४५ वटा वालविकास केन्द्र, स्थानीय सरकारबाट अनुमति प्राप्त ६ वटा वालविकास केन्द्र र ३३ वटा के.जी. कक्षा तथा ५ वटा संस्थागत (निजी) विद्यालयमा आधारित वालविकास केन्द्र गरी सामुदायिक तर्फ ८४ र संस्थागत तर्फ १५ गरी जम्मा ९९ वटा वालविकास कक्षा संचालनमा रहेका छन् । यस गाउँपालिकामा प्रारम्भिक वालविकास कक्षामा शै.स. २०७८ मा भर्ना भएका बालबालिकाको संख्या ९७५ रहेको र कूल भर्ना दर ११६.५ र खुद भर्ना दर ८०.० रहेको छ । साथै प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर ८७.५ रहेको छ । सामुदायिक विद्यालयको प्रारम्भिक वालविकास कक्षामा कार्यरत शिक्षकहरु सतप्रतिशत महिला रहेका छन् । शुरुवाती चरणमा नियुक्ति हुँदा कक्षा ८ को मात्र योग्यता मागेको हुनाले केही शिक्षक अण्डर एस. एल. सी., केही शिक्षक एस. एल. सी. वा सो सरह र धैरै जसो शिक्षकहरु एस. एल. सी. देखि माथिको योग्यता भएका छन् ।

प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमले कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित हुन हुँदैन भन्ने कुरालाई जोड दिएको छ भने प्रारम्भिक वालविकास कक्षामा पठनपाठनको आधारहरु तयार भएर कक्षा १ मा भर्ना भएको कारण पठनपाठन गर्न सहज तथा सिकाई उपलब्धि दर वृद्धि हुने देखिएको छ । प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रम अन्तर्गत संघीय स्रोतका ४५ जना सहजकर्तालाई गत आ.व. २०७७/७८ सम्म संघीय सरकारलबाटै तलव भत्ताको व्यवस्था भइरहेको थियो भने यस आ.व. २०७८/७९ बाट तलब वृद्धि भए सँगै स्थानीय सरकारले थप गरी तलब भत्ता खुवाउने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकारले तलवभत्ता खुवाउने गरी नियुक्ति गरेका ३९ जना वालविकास तथा के.जी.कक्षा सहजकर्ताहरूको व्यवस्था गरेकोछ ।

### ३.१.३. अवसर र चुनौतीहरु

यस चौविसे गाँउपालिकाले प्रारम्भिक वालविकास तथा शिक्षालाई आधारभूत शिक्षामा भर्ना हुनु पूर्व तयार गरिने एउटा बलियो आधार यो कार्यक्रमलाई मानेर कतिपय विद्यालयहरुमा बालविकास केन्द्रको कोटा नभई रहेको अवस्थामा सो विद्यालयहरुमा सहयोगी कार्यकर्ताको कोटा व्यवस्थापन गरी प्रारम्भिक वालविकास तथा शिक्षाको प्रत्येक विद्यालयमा शुरुवात गरेको छ। यस गाउँपालिकाले प्रारम्भिक बालविकास शिक्षा ३–४ वर्ष उमेर समूहको बालवालिकाले अध्ययन गर्ने कक्षा भएको साथै ५ वर्ष पूरा भएका बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गर्ने नीतिको कारणले एक वर्ष वालविकास केन्द्रको पढाईले मात्र काक्षा १ भर्नाको आधार तयार नहुने कुरालाई मध्यनजर गरी के.जी. कक्षाको अवधारणा ल्याएर प्रत्येक सामुदायिक विद्यालयमा के.जी. कक्षा व्यवस्थापन गर्ने उद्देश्यका साथ के.जी. कक्षा स.का. को कोटा वितरण गरेको छ। वालविकास केन्द्रहरुमा रमाईलो पढाई कार्यक्रम सञ्चालनको लागि प्रत्येक सामुदायिक विद्यालयमा टि.भि. वितरण गरेको छ। यसरी यस गाउँपालिकाले प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमलाई सर्वसुलभ र गुणस्तरीय बनाउन लागी परेतापनि केही समस्या र चुनौतिहरु रहेका छन्।

- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक तथा शिक्षाको अवसर सुनिश्चित गर्न वालविकास तथा शिक्षा केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्ने।
- प्रारम्भिक वालविकास तथा शिक्षा ३–४ वर्षको उमेर समूह लक्षित गरी तोकिएको उमेरमा बालबालिका भर्ना गराउने।
- निश्चित पाठ्यक्रमको निर्माण हुनुपर्ने।
- सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि , वृत्तिविकास र क्षमता विकास गर्ने।
- वालविकास उमेर समूहका बालबालिकाहरु स्वास्थ्यको हिसाबले जटिल उमेर समूह भएको कारण स्वास्थ्य सेवाको उपलब्धता हुनुपर्ने।
- प्रारम्भिक वालविकास तथा शिक्षा सिकाइको सुरुवाती चरण भएकोले शारीरिक र मानसिक दुवै हिसाबले कमजोर भएको कारण बालमैत्री कक्षा व्यवस्थापन हुन जरुरी हुनुपर्ने।
- अभिभावकहरु जिम्मेवार हुनुपर्ने।
- पोषण,स्वास्थ्य, दिवा खाजा लगायत बालबालिका सहायता प्रणालीको उचित व्यवस्था गर्ने।

### ३.१.४. उद्देश्यहरु

यस चौविसे शिक्षा योजनाको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाले प्रारम्भिक वालविकास तथा शिक्षासम्बन्धी निम्नलिखत उद्देश्यहरु राखेको छ।

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक वालविकास शिक्षामा पहुँच बढाउनु।

२. प्रारम्भिक वालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु।

३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

### ३.१.५. रणनीतिहरु

१. वालविकास केन्द्रको नक्साङ्कन, पुनर्निर्माण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरिनेछ।
२. संघीय सरकारले निर्धारण गरेको मापदण्द र ढाँचा अनुसारका कोटाहरु वृद्धि गर्न प्रयास गरी प्रारम्भिक वालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा अतिविपन्न समुदायका बालबालिका तथा आपाङ्गता भएका ३–४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक वालविकास तथा शिक्षाका कार्यक्रमहरु विकास गरी पहुँच सुनिश्चित गरिनेछ।
४. प्रारम्भिक वालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न र सबै बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गर्ने समय सापेक्ष पाठ्यक्रमको परिमार्जन तथा अनुकुलन गरी कार्यान्वयन गरिनेछ।
५. वालविकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य रुपमा भर्ना गरिनेछ।
६. पोषण र बालअधिकार बारे अभिभावकहरुलाई जानकारी दिने र सुनिश्चितता गरिनेछ।
७. प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै नीजि तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बाल उद्यानको अवधारणा क्रमशः ल्याईनेछ।
८. असहाय, अनाथ, गरिव र अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी समतामूलक शिक्षा प्रदान गरिनेछ।
९. सहयोगी कार्यकर्ताको तलव भत्ता न्यून भएको कारण गुणस्तरीय शिक्षा बालबालिकामा सुनिश्चित गर्न सहयोगी कार्यकर्ताको पारिश्रमिकमा वृद्धि गर्दै लगिनेछ।
१०. कक्षाकोठालाई वालमैत्री र स्रोतपूर्ण बनाइनेछ।
११. आमा शिक्षा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

### ३.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने।

#### *प्रमुख नतिजाहरु*

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकारूलाई बालविकास शिक्षामा सहज पहुँच हुने।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने।

- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती) नमूना बालविकास तथा शिक्षा कार्यक्रमका विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था, विद्यालयहरू र स्थानीय सरकार जिम्मेवार भएको हुने ।

***प्रमुख क्रियाकलापहरु तथा लक्ष्य***

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | भर्ना अभियान कार्यक्रम सञचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| २ | नक्शाङ्कनको आधारमा वालविकास केन्द्र समायोजन तथा स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ३ | एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ४ | बाल विकास केन्द्रको अभिलेखिकरण | निरन्तर | | | | | | | | | |
| ५ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |
| ६ | वडा तथा पालिकास्तरमा शत प्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १०० |
| ७ | इसीडि सहजकर्ताको क्षमता विकासका लागि छोटो अविधिको तालिम सञ्चालन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मापदण्ड अनुसारको पूर्वाधार सहित शैक्षिक तथा खेल सामग्रीको व्यवस्थापन र प्रयोग | केन्द्र | १७ | १७ | १७ | १७ | १६ | ८४ | - | | १००० |
| ९ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम मार्फत अनिवार्य रुपमा शिक्षण सञ्चालन | केन्द्र | ४८ | ३६ | - | - | - | ८४ | - | | |
| १० | स्थानीय लागतमा एक वडा एक बालउद्यान निर्माण कार्यक्रम सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | ३ | | ८०० |
| ११ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई प्रोत्साहन तथा सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | १० | | २०० |
| १२ | बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता बार्षिक कार्यक्रम सञ्चालन | जना | ८४ | ८४ | ८४ | ८४ | ८४ | ४२० | ४२० | | |
| १३ | शिक्षक अभिभाव संघ मार्फत त्रैमासिक सुचकको आधारमा अनुगमन समीक्षा बैठक सञ्चालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | | |
| १४ | बालविकासका बालबालिकाहरुलाई पोषण सहितको खाजा कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | | |
| १५ | बर्षको २ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | १० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | बालमैत्री तथा प्रविधिमैत्री वालविकास केन्द्र व्यवस्थापन | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | ५९ | | २१०० |
| | जम्मा | | | | | | | | | | ६२०० |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्नु चौबिसे सरकारको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनेको छ । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरेअनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो ।

### ३.२.२. वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्या उन विगतमा गरिएका प्रयासहरूको नतिजा स्वरूप चौबिसेको कक्षा १ देखि ५ को खुद भर्ना दर ९७.५ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्ना दर ९७.१ प्रतिशत पुगेको छ । आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित असमानताहरू रहेका छन् । आर्थिक तथा सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदायका, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर छ । जनसाङ्खिक परिवर्तन, बसाइसराइ तथा बस्तीको स्वरूपमा आएको परिवर्तन अनुरुप आधारभूत तहका कतिपय विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्नु आवश्यक देखिएको छ भने कतिपय अवस्थामा बैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्ने अवस्था छ । यो तहमा निःशुल्क शिक्षालाई पूर्णरुपमा कार्यान्वयन गर्नु छ । स्थानीय शिक्षा ऐन  लगायतका आवश्यक कानुनहरू तर्जुमा एवम् परिमार्जन गरी नीति तथा कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्नु पर्ने छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्ने छ । पेसागत रूपमा सक्षम. योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोर्याउने उच्च दरका कारण तह  पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ ।

कोभिड महामारीका कारणले अवरुद्ध भएको शिक्षण सिकाइले यसमा समस्या थप भएको छ भने प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर रहने पद्धतिको विकास हुनसकेको छैन। पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा निरन्तर सुधार आवश्यक छ। शिक्षण सिकाइ विधिमा सुधारका लागि शिक्षक तयारी तथा विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरूलाई व्यवस्थित गर्नु आवश्यक छ। विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने छ।

विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन तथा नेतृत्व गर्ने कार्य प्रधानाध्यापकबाट भइरहेको छ। यस्तै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था पनि रहेको छ।  एकातिर धेरैजसो प्रधानाध्यापकको नेतृत्व क्षमता र कुशलता अपर्याप्त देखिएको छ भने अर्कोतिर संघीय शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रदेश र स्थानीय तहका कार्य क्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ। त्यसैगरी प्रधानाध्यापकहरूमा शैक्षिक नेतृत्व र व्यवस्थापनका सिप, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी उत्प्रेरणा तथा वृत्ति विकास, शिक्षक तालिमको कक्षाकोठामा रुपान्तरण, अनुगमन तथा सुपरिवेक्षण र क्षमता विकास लगायतका पक्षमा सुधार आवश्यक छ। तत्कालीन स्रोत केन्द्र पद्धतिको सोच र शिक्षा तालिम केन्द्रहरूको संकुचनले शिक्षक सहायता प्रणालीको पुनर्संरचना आवश्य देखिएको छ। विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावक संलग्नता बढाई व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकासमा थप ध्यान दिनुपर्ने पनि देखिन्छ।

### ३.२.३. चुनौती तथा अवसरहरु

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३ .आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने,
६. आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,
७. पोषण, स्वास्थ्य, दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
८. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउने,
९. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
१०. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
११. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,

### ३.२.४. उद्देश्य

यस योजनाको  प्रमुख उद्देश्य अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलन्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील  र जवाफदेही बनाउनु,
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.२.५. रणनीति

- विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै लगिने छ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय सरकारको सहयोगमा आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइने छ ।
- चौबिसे  गाउँपालिका भित्र विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ बिवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (बैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम  आदि) मिलाइने छ ।
- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय सरकारप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।
- सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।
- शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
- शैक्षिक निकायका जनशक्ति र शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन गरिने छ ।

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहयोगमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरिने छ।
- संघीय र प्रदेश सरकारको सहकार्यमा विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ।
- संघीय सरकारले निर्धारणको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारमा चौबिसे सरकारद्वारा आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिने छ।
- नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यस्थापकीय पद्धतिमा सुधार गरिने छ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरुलाई निरन्तरता दिइने छ।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

***प्रमुख नतिजाहरु***

१. सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँच हुने।
२. सबै विद्यालयलहरुमा प्राथमिकता प्राप्त सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
३. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने।
४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने।
६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने।

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

### प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | १ | | |
| २ | दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | निरन्तर | | | | | | | | | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | ५००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | | | | | | | | | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १०० |
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (वहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ७ | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | ५०० |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील् बनाउने योजना तयार गरी | आवश्यकता अनुसार | | | | | | | | | ५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | | | | | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | | | | | | | | | ५००० |
| १० | शिक्षक पेशागत सहायता प्रणालीको विकास | निरन्तर | | | | | | | | | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | प्रतिशत | | | | | | | | | |
| १२ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १२५० |
| १३ | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाहरूका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | | २००० |
| १४ | बालमैत्री कक्षा कोठा तथा सिकाइ सामग्रीको | विद्यालय | १० | १० | १० | १० | ४ | ४४ | ४४ | | ८८० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | | |
| १५ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | निरन्तर | | | | | | | | | ८००० |
| १६ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय | |
| १७ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| १८ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय | |
| २० | वार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय | |
| २१ | विद्यालय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |
| २२ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | १२ | १२ | १२ | १२ | १२ | ६० | ६० | | ३०० |
| २३ | शैक्षिक सुशासन कायम गर्नका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय | |
| २४ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | | | | | | ० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | २४५३० |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१. परिचय

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण र व्यवहारहरू आर्जन गरेको सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । यही दृष्टिकोणमा आधारित भएर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकास भई सोअनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. सं. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहने व्यवस्था छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित स्थानीय  सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। राष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन–अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । कक्षा ११ र १२ मा धारको विकल्पहरू सहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ । अर्कोतिर श्रम बजारको माग अनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ । शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिएको छ ।

### ३.३.२. वर्तमान अवस्था

चौबिसे गाउँपालिकाको माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ । माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर ५८.६ पुगेको छ । कक्षा ९–१२ मा लैङ्गिक समता सूचक समदरमा पुगेको छ । चौबिसे गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा हाल जम्मा  ३४ शिक्षकहरू (१५ राहत शिक्षकसमेत) तथा कक्षा ११ र कक्षा १२ मा १४ शिक्षकहरू संघीय सरकारको अनुदानमा कार्यरत छन् । कक्षा ९ र १२ मा कुल ११५० बालबालिकाहरू

अध्ययनरत रहेका छन् । समग्रमा कक्षा ९ देखि १२ मा छात्राहरू ५७७ संख्यामा रहेका छन् । नेपाल सरकारले देशका सबै (७५३ ओटा) स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुर्याउने नीति लिएकोमा हालसम्म चौबिसे गाउँपालिकामा प्राविधिक माध्यमिक शिक्षा १ वटा विद्यालयमा संचालित छ ।

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँचका सम्बन्धमा यकिन तथ्याङ्क पाउन नसके पनि बञ्चितिमा परेकाहरूको माध्यमिक शिक्षामा पहुँच कम छ । संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्ण निःशुल्क बनाउन सकिएको छैन ।

माध्यमिक तह कक्षा १०/एसईईमा र कक्षा ११ र १२ का परीक्षाका नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धी पनि हासिल गर्न नसकेको कारण उच्च शिक्षाबाट समेत बञ्चित छन् । माध्यमिक शिक्षालाई जीवनोपयोगी सिपसँग पनि प्रत्यक्ष रूपले जोड्ने कार्यलाई थप प्रभावकारी बनाई प्राप्त शिक्षा उपयोग गरी जीविकोपार्जनलाई सहयोग गर्नु आवश्यक छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अध्यावधिक गराई सिकाइ सुधार गर्नुपर्ने छ । सूचना तथा सञ्चार प्रविधिलाई गुणस्तरीय शिक्षा प्राप्तिको साधनको रूपमा उपयोग गर्ने कार्यमा विस्तार गर्नु छ । विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवी समेत हुँदै आएको छ । कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन् ।

संघीयताको संक्रमणकालीन अवस्था, कर्मचारीहरूको समायोजन, स्थानीय र प्रदेश तहको संरचना,कानुन र व्यवस्थापकीय स्पष्टताको अभाव जस्ता कारण संस्थागत विकासले अपेक्षित रूपमा गति लिन भने सकेको छैन । विभिन्न ढङ्गले विकास भएको व्यक्तिगत क्षमता पनि संस्थागत विकासमा रुपान्तरित गर्न सकिएको छैन । शिक्षकको योग्यता र तालिमलाई विद्यार्थीको सिकाइसँग आबद्ध गर्न अझै पनि सकिएको छैन । प्रायजसो शैक्षिक संस्थाहरूमा सिकाइ संस्कृति विकास गर्न सकिएको छैन । पद्धतिगत रूपमा नेतृत्वका उत्तराधिकारीहरू तयार गर्न थप काम गर्नु पर्नेछ । संस्थागत सूचनालाई चुस्त पार्ने गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझ विकास गर्नु पर्ने छ । प्रधानाध्यापकको नेतृत्व क्षमता राम्रो भएका विद्यालयको विकास तुलनात्मक रूपमा राम्रो भएका प्रसस्त उदाहरण भेटिएका छन् । त्यस्ता विद्यालयहरुबाट आवश्यक पाठ सिकेर कार्यान्वयनमा जानु उपयुक्त देखिन्छ ।

शिक्षकको अभाव हटाउन अङ्ग्रेजी, गणित, बिज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिइँदै आएको छ भने यसलाई आवश्यकतानुसार दरबन्दीमा रुपान्तरण गर्नुपर्ने देखिन्छ । गुणस्तरमा सहयोग पुर्याउन भौतिक सुविधाहरूको विकास र वितरण गरिएको छ । इन्टरनेटको पहुँचमा प्रगति भएको छ । शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, स्तरीय पाठ्यक्रम, स्तरीय परीक्षा प्रणाली, जीवनोपयोगी सिपसँग गुणस्तरलाई जोड्ने काममा भने थप सुधार आवश्यक देखिएको छ ।

### ३.३.३. अवसर र चुनौती

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको सङ्ख्यालाई विद्यालयमा ल्याउने ।
२. विपन्न बालबालिका ,विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका , दलित ,पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

३. माध्यमिक तहमा खुद भर्नादर बढाउने।
४. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार गर्ने।
५. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने।
६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।
७. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र माध्यमिक तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने।
८. संघीय सरकारको सहयोगमा आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने।

### ३.३.४. उदेश्यहरु

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउनु।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
५. माध्यमिक तहका विद्यार्थीहरूमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
६. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षामा उल्लेखनीय सुधार ल्याउनु।

### ३.३.५. रणनीतिहरु

योजनाका उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरीनेछ।

- संघीय मापदण्ड अनुसार विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरिने छ ।
- निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक प्राविधिक तथा साधारण) मा सहज पहुँच सुनिश्चित गर्न संघ र प्रदेश सरकारको समन्वमा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिने छ।
- सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसार प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिने छ।
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने छ।

- विद्यालयलाई बालमैत्री बनाई शैक्षिक वातावरणमा सुधार ल्याइने छ ।
- संघीय र प्रदेश सरकारको सहकार्यमा  विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन  गरिने छ।
- सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको  छात्रबृतिको व्यवस्था गरिने छ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइने छ।
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा शिक्षक जवाफदेही हुने प्रणाली विकास गरिने छ।
- संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरूको तय गरे अनुरुप शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन गरिने छ।
- विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धितमा सुधार गरिने छ।
- नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यस्थापकीय पद्धतिमा सुधार गरिने छ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलन्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरी  सुधारको क्षेत्र पहिचान गरिने छ।
- शिक्षकलाई पेशागत सहयोग प्रदान गर्न आवश्यक संयन्त्रको विकास गरिने छ।

### ३.३.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

***नतिजा***

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने।
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि  प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
४. मध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने।

६. शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने ।
७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।
८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### *प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | १ | | | | १ | १ | | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १००० |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार यातायातको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | पटक | | | १ | १ | १ | ३ | ५ | | |
| ४ | सरोकार सम्बद्ध पक्षहरुका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | निरन्तर | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | ५०० |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण, प्र.अ तथा शिक्षकलाई सहयोग | निरन्तर | | | | | | | | | |
| ९ | बाल समुह, स्काउट, टिन्स क्लव गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | ३००० |
| १० | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ११ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | जना | २० | २० | २० | २० | २० | १०० | १०० | | १००० |
| १२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | आवश्यकता अनुसार | | | | | | | | | |
| १४ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | जना | | ४८ | | | | ४८ | ५० | | ४०० |
| १५ | उत्कृष्ट विद्यालयहरूलाई सम्मान कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |
| १६ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | वटा | १० | १० | १० | १० | १० | ५० | १० | | |
| १७ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | वटा | १० | १० | १० | १० | १० | ५० | १० | | |
| १८ | शिक्षकको पेशागत सहयोगका लागि आवश्यक संयन्त्र निर्माण तथा क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | जना | | २४ | २४ | | | ४८ | ५० | | १००० |
| १९ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | निरन्तर | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | | १००० |
| | जम्मा बजेट | | | | | | | | | | ८९०० |

## ३.४. पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१. परिचय

पाठ्यक्रम शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासरुँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित क्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान, सिप तथा अभिवृत्तिको माध्यपमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकुल समायोजन हुन, रोजगरी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनु पर्छ। फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरण सहित आत्मसात गर्न, विभेद रहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन, र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहायोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्ग निर्देशन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ। मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधिअनुकुल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ।

आधुनिक औपचारिक शिक्षा पद्धतिमा मुलुकको शैक्षिक दर्शन कार्यान्वयन गर्ने प्रमुख साधन पाठ्यक्रम हो। पाठ्यक्रमको माध्यमबाट शिक्षाका राष्ट्रिय, सामुदायिक र वैयक्तिक उद्देश्य पुरा गर्ने अपेक्षा गरिन्छ। नेपालमा परम्परागत गुरुकुलमा आधारित शिक्षा, गुम्वा तथा विहारमा सञ्चालन हुने बौद्ध शिक्षा अन्तर्गत धार्मिक, व्यवहारिक तथा केही व्यवसायिक प्रकृतिको सीमित मात्रामा प्रदान गरिएको शिक्षा एकिकृत स्वरुपको देखिए तापनि त्यसलेला पाठ्यक्रमको सङ्गठित विकास भएको देखिदैन। यद्यपी परम्परागत रुपका पेशाका लागि संस्कृतका निश्चित विधाहरुमा पारङ्गत भएको हुनु पर्ने लगायत एकपासे, दुइपासे, चारपासे हुँदै दशपासे, एघारपासे सम्मको अभ्यासहरु भएको पाइन्छ।

विद्यालय संरचना परिवर्तन भई प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम गरिएको अवस्थामा सङ्घीय संरचना अनुकुल हुने गरी विद्यालय शिक्षाको पाठ्यक्रमको पुनर्संरचना गर्नु आवश्यक छ। नेपालको संविधानद्वारा निर्दिष्ट शिक्षा सम्बन्धी मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन

गरी शिक्षालाई सान्दर्भिक, व्यवहारिक, रोजगारमुखी बनाउन, ज्ञान, विज्ञान र प्रविधिमा भएको विकासलाई आत्मसात गरी आवश्यकतानुसार स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकुलको शिक्षा प्रदान गर्न र विविधतालाई सम्मान गर्ने चरित्रवान सृजनशील तथा समालोचनात्मक चेतना भएको लोकतन्त्रप्रति प्रतिबद्ध नागरिक तयार गर्नका लागि पाठ्यक्रममा सुधार आवश्यक छ।

### ३.४.२. वर्तमान अवस्था

प्रारम्भिक बालविकासदेखि माध्यमिक तह (कक्षा १२ सम्म) को पाठ्यक्रमको विकास शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्ने गरेको छ। विद्यालय तहको विद्यमान पाठ्क्रम वि. सं. २०६३ मा तयार गरी वि. सं. २०७१ मा सामान्य परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुपकै आधारमा व्यवस्थित गरिएको भनिए पनि कक्षा ११ र १२ लाई विद्यालय तहको पाठ्यक्रममा पूर्ण रुपमा समायोजन नगरी तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले तयार गरेको उच्च शिक्षाको तयारी उन्मुख पाठ्यक्रम नै कार्यान्वयनमा रहेकोमा हाल विद्यालय तहको पाठ्यक्रममा समायोजन गरिएको छ। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि. सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरुमा यो पाठ्यक्रम कार्यान्वयन हुने क्रममा छ। यसै अनुसार चौविसे गाउँपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ। माध्यम भाषाका रुपमा प्राथमिक तह (कक्षा १–५) का लागि मातृभाषा र नेपाली हुन सक्ने र अन्य तहको हकमा नेपाली वा अंग्रेजी हुन सक्ने व्यवस्था छ ।

कक्षा १–७ सम्म निरन्तर मूल्यांकन प्रणाली लागू गरिए पनि प्रभावकारी हुन सकेको छैन। कक्षा ८ मा स्थानीय तह र कक्षा १० र १२ मा राष्ट्रिय तहमा राष्ट्रिय परीक्षा बोर्डबाट सार्वजनिक परीक्षा सञ्चालन गरी विद्यार्थीको योग्यता प्रमाणित गरिदै आएको छ भने नमुनमा आधारित राष्ट्रिय उपलब्धि परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न कक्षाहरुमा सञ्चालन गरी शिक्षा प्रणालीको गुणस्तरको लेखाजोखा गरिदै आएको छ। अधिकांश विद्यालय तहमा सञ्चालन गरिएका परीक्षाका प्रश्नहरुले प्रायजसो संज्ञानात्मक तहका तल्लो स्तरका क्षमता मात्र परीक्षण गरेको देखिन्छ। अधिकांश प्रयोगात्मक परीक्षाहरु प्रभावकारी हुन सकेका छैनन्।

स्थानीय पाठ्यक्रम बाहेक अन्य पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दछ। सन्दर्भ सामग्रीको नाम दिई पाठ्यक्रम विकास केन्द्रले स्वीकृति दिएका पुस्तकहरु पाठ्यपुस्तककै रुपमा अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयले प्रयोग गर्ने गर्दछन्। बहुपाठ्यपुस्तकको नीति तय गरिए पनि औपचारिक रुपमा कार्यान्वयनमा ल्याइएको छैन। बजारमा विषयवस्तुमा गहिरो र विस्तृत अध्ययनमा सघाउने सन्दर्भ सामग्रीभन्दा पनि प्रश्नोत्तर, प्रश्नहरुको संकलन, गेस पेपर जस्ता सामग्री उत्पादन हुनाले विद्यार्थीको सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव परेको देखिन्छ।

सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाइन, अफलाइन, मुद्रित आदि) आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्यांकनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिन्छ। स्थानीय सरकारले पाठ्यक्रम विकास केन्द्रले निमार्ण गरेको पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी रहेकोले सोही अनुरुप गर्नेछ। स्थानीय पाठ्यक्रम निर्माण गर्ने दायित्व स्थानीय सरकारको भएकाले सो पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गरिने छ।

स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–८ मा अन्तर सम्बन्धित विषयबस्तुलाई एकिकृत गरिएको, व्यवहार कुशल तथा जीवन उपयोगी सीपहरु समावेश हुने गरी सिकाई क्रियाकलाप तर्जुमा

गर्ने रणनीति लिइएको, आधाभूत तहमा स्थानीय  कला संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषय बस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ।

### ३.४.३. अवसर तथा चुनौतीहरु

स्थानीय सरकारले स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गराउने दायित्व रहेको छ। यस क्रममा केही चुनौति पनि रहेका छन्।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
- सबै शिक्षकलाई नयाँ पाठयक्रम र पाठ्य सामग्रीको अभिमुखीकरण
- पाठ्यक्रम विकास तथा परिमार्जन सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता
- बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी छनौट, विशेषतः प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, वहुभाषा प्रयोग
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोडने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्यांकनको नतिजाको स्पष्ट गर्न सक्ने बनाउने।
- विविधता र समावेशीतालाई दृष्टिगत गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने कार्यमा दक्ष जनशक्तिको खाँचो ।
- स्थानीय विषय वा मातृभाषा सम्बन्धी विषय राख्ने प्रावधान भए पनि धैरै विद्यालयहरु त्यसको सट्टामा अतिरिक्त अंग्रेजी विषय राखिनु।
- पाठ्यक्रममा मूल्यांकनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा समावेश गरी सिकाइ सुधारमा निरन्तर प्रयोग हुने गरी व्यवस्थित गर्नु।

### ३.४.४. उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- पाठ्यक्रम तथा पाठ्यक्रम पुस्तक प्रयोग र  कार्यान्वयनमा एकरुपता ल्याउनु।
- सिकाइका लागि मूल्यांकन प्रणालीका रुपमा विद्यालय तहको मूल्यांकन प्रक्रियामा सुधार ल्याउनु।

- स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरुको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु ।

### ३.४.५. रणनीतिहरु

उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्यांकनमा आधारित बनाइने छ ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित स्थानीय पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरिने छ ।
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिने छ ।
- बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अरोध नहुने गरी माध्यम भाषा छनौट गरिने छ । त्यसका लागि विशेष तह प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने छ ।
- मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगको लागि स्थानीय सरकार सक्रियता पूर्वक लाग्ने छ ।
- आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने छ ।
- स्थानीय पाठ्यक्रमको विषय क्षेत्रमा विषयबस्तु छनौट गर्दा विषयबस्तुको क्रमलाई विचार गरी बढी उपयोगी विषयबस्तु छनौट गरिने छ । जीवनोपयोगी र व्यवहारकुशल सीप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गरिने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गरिने छ ।
- सिकारुको परीक्षा र मूल्यांकनको अवस्था सिकारुको प्रगति तथा शिक्षण सिकाइ क्रियाकलाप समेतलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनमा आधारित बनाई शिक्षकलाई सिकारु तथा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाइने छ ।
- परीक्षा र मूल्यांकनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइमा सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिने छ ।
- परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई मूल्यांकनको आधार बनाइने छ ।

### ३.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

### *नतिजा*

- पाठ्यक्रम कार्यान्वय प्रभाकारी रुपमा भएको हुने ।
- सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने ।
- सिकारुको सिकाइ समस्याको समाधान्मुख निरन्तर, आवधिक तथा स्तरिकृत मूल्यांकन हुने ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।
- शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा मूल्यांकन हुने ।
- शिक्षण सिकाइ क्रियाकलाप, बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
- हरेक विद्यालयमा विद्यार्थी मूल्यांकनका लागि कार्यसञ्चयीका फायल खडा हुने ।

### *प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका,सन्दर्भ सामग्रिको विकास प्रवोधिकण , प्रयोग र प्रभावकारी कार्यान्वयन | निरन्तर | | | | | | | | | १००० |
| २ | समसामयिक विषयमा शिक्षक तालिम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १००० |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयन | पटक / निरन्तर | १ | - | - | - | - | १ | १ | | ५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा सञ्चार प्रविधि  प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | निरन्तर | | | | | | ० | | | |
| ५ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन  सञ्चालन | निरन्तर | | | | | | ० | | | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | निरन्तर | | | | | | | | | |
| ७ | मूल्याङ्कन प्रणालीमा सुधार तथा नविनता | निरन्तर | | | | | | | | | |
| ८ | कक्षाकोठामा आधारित कक्षा पठाइ तथा सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ९ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| १० | स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १००० |

## ३.५. शिक्षक व्यवस्थापन तथा विकास

### ३.५.१. परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू संचालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरू विभिन्न विश्वविद्यालय तथा विद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा संचालन, शिक्षक पदपूर्तिको लागि परीक्षा संचालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरूले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति पाएका शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरूको सेवाको शर्त र सुविधाहरू पनि फरक–फरक छन् । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक वढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धीसँग जोड्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने , शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ ।

### ३.५.२. वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने

व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएको छ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ । यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल  शिक्षक दरबन्दी सङ्ख्या २२६ रहेको छ । त्यस मध्ये १८३ जना दरबन्दी र ४३ जना राहत शिक्षक कार्यरत रहेका छन् । त्यसैगरी यस गाउँपालिकामा जम्मा ५४ जना विद्यालय कर्मचारी रहेका छन् । हाल यस  गाउँपालिकामा बालविकास तहदेखि माध्यमिक तह सम्मको जम्मा शिक्षक कर्मचारीको संख्या ३६६ रहेको छ ।

पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौर–तरिकाहरू छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए । सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ । त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा चौविसे गाउँपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ । यस क्रममा आ.व. २०७७/७८ देखि निम्न माध्यमिक तहमा २ जना स्वयमसेवक शिक्षकको व्यवस्थापन गरेको छ । त्यसै गरी शैक्षिक गुणस्तर सुदृढीकरणको आधार प्रारम्भिक बाल शिक्षालाई मानी पूर्व विद्यालय तहमा शिशु कक्षापछि र कक्षा १ प्रवेश गर्नु अघि एक वर्षको के.जी. कक्षा संचालनमा ल्याई सोका लागि सहयोगी कार्यकर्ताको व्यवस्था गरिएको छ । पालिकामा संचालित ४४ वटा सामुदायिक विद्यालयहरुमध्ये मापदण्ड पुगेका ३० वटा विद्यालयहरूमा ३३ वटा के.जी. कक्षाको व्यवस्थापन भई संचालन भइरहेको छ । साथै शिशु कक्षा संचालन नभएका र विद्यार्थी संख्याको मापदण्ड पुगेका ६ वटा सामुदायिक विद्यालयहरुमा पनि शिशु कक्षा व्यवस्थापन र संचालन गरिएको छ ।

### ३.५.३. अवसर तथा चुनौतीहरु

१) शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु ।
२) पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु ।
३) शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४) शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत प्रवन्ध गर्नु ।
५) विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
६) उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नु ।
७) सेवा निवृत्त शिक्षकको अनुभवलाई उपभोग गर्नु ।

### ३.५.४. उद्देश्य

१. सिकाइ सुधारको लागि आवश्यक शिक्षकको  ब्यवस्थापन गर्दै लैजानु ।
२. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुढृण बनाउनु ।
३. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु ।
४. विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेशागत सक्षमताको अभिवृद्धि गर्नु ।
५. योग्य र सक्षम शिक्षक उपलव्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु ।
६. आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

### ३.५.४. रणनीति

१) शिक्षकको पेसागत विकासका सम्बन्धमा स्थानीय सरकार, शिक्षा शाखा तथा स्थानीय स्तरका नेतृत्व गर्ने विद्यालयहरुलाई उत्तरदायी बनाइने छ,
२) विज्ञान, गणित तथा अंग्रेजी जस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम, तथा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याइने छन्,
३) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण तथा थप हुनेछ ।
४) विद्यालयहरूमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
५) स्थानीय शिक्षक पेशागत सहयोग प्रणाली मार्फत् शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ ।
६) स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ्गको पद्धति विकास गरिने छ ।
७) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।
८) प्राधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ ।
९) शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुने पद्धति विकास गरिनेछ ।
१०) सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने । साथै IEMIS को सदृढीकरण गर्ने ।
११) विद्यालयमा विषयतग शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।

### ३.५.५. उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलव्धि*

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने।

*नतिजा*

१) सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा एकीकृत भई प्रविधिमैत्री शिक्षा हुने।
२) शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने।
३) पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत् निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४) शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर–तरिकाहरू र कार्य सम्पादनमा सुधार हुने।
५) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने शिक्षकको आपूर्ति नियमित रुपमा हुने।
६) शिक्षकको विद्यालय तथा कक्षाकोठामा उपस्थितिमा वृद्धि तथा शिक्षकहरूको कार्यसम्पादनमा सुधार हुने।
७) लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत् शिक्षकले पेशागत सहयोग प्राप्त गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि हुने।

*प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र . स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | न्यून तलव भएका शिक्षक, कर्मचारी तथा केजी सहजकर्ताहरुलाई प्रोत्साहन सहयोग कार्यक्रम | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | | २००००० |
| २ | विषयगत शिक्षक अभावलाई कम गर्न उच्च शिक्षासँग समन्वय गरी आवश्यक विषयहरू थप गर्ने | निरन्तर | | | | | | ० | | | |
| ३ | अपुग शिक्षक भएको विद्यालयमा संवयंसेवन शिक्षक नियुक्त | जना | २ | २ | ५ | ५ | ५ | १९ | २० | | ६५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आवश्यकता अनुसार र मागको आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | | ४००० |
| ५ | पालिका स्तरीय शिक्षक सम्मेलन आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |
| ६ | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | निरन्तर | | | | | | | | | |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयत TST लागु गर्ने | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | |
| ८ | लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत् शिक्षकलाई पेशागत सहयोग | वटा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३५ | | ३५०० |
| ९ | उपचारात्मक शिक्षण सिकाई कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | | |
| १० | प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप संचालन | निरन्तर | | | | | | | | | |
| ११ | वर्षको एकपटक शिक्षण सिकाई अनुभव तथा अनुसन्धानको आदान प्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | ५०० |
| १२ | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने | जना | २० | २० | २० | २० | २० | १०० | १०० | | १००० |
| १३ | शिक्षक सरूवा वर्षको १ पटक मात्र गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| १४ | शिक्षकलाई विद्यार्थीको नतिजाप्रति उत्तरदायी बनाइने | निरन्तर | | | | | | | | | |
| १५ | एक शिक्षक : एक ल्यापटप कार्यक्रम | जना | | ४० | ४० | ४० | ४० | १६० | ६६ | | १४००० |
| | जम्मा | | | | | | | | | | २३०५०० |

## ३.६. अनौपचारिक तथा निरन्तर शिक्षा

### ३.६.१. परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता,

साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम् सेवक परिचालन गर्ने नीति लिएको छ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो। अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ। जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा  कार्यान्वयनमा आएको छ। तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ।

राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन्। दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने विषयमा नेपालले प्रतिबद्धता जाहेर गरेको छ। तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ।

वि. सं. २००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसंख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरु साक्षर थिए। प्रजातन्त्रको आगमन संगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के, कसरी अगाडि बढाउन पर्छ भन्ने बारेमा युगानुकुल सुझाबहरु दिएको थियो। उक्त प्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरे पछि वि. सं. २०१३ सालदेखि योजनावद्ध रुपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

विश्वव्यापीकरण, तीव्र सहकरीकरण र बसाँइ सराइ, सूचना प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरु भइरहेका छन्। बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहने व्यवस्था र वातावरणको जरुरत पर्दछ। संयुक्त राष्ट्रसंघको युनेस्को लगायत अन्य अन्तराष्ट्रिय संस्थाहरुले पनि दिगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्वकासाथ प्रस्तुत गरेका छन्। युनेस्कोले अघि सारेको परिभाषा र व्याख्या अनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ। सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ। हरेक उमेर समूहका मानिसहरु सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ।

आजीवन  सिकाइ एउटा छुट्टै विधि होइन यो त समग्र शिक्षा प्रणालीलाई मार्ग निर्देशन गर्ने सिद्धान्त हो। बाल शिक्षा, आधारभूत शिक्षा हुदै माध्यमिक देखि उच्च शिक्षा सम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकी रहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ। त्यसैले अतिरिक्त, अनौपचारिक र औपचारिक सबै माध्यपबाट आजीवन सिकाईको अभ्यासलाई सुदृढ तुल्याउन जरुरी छ। मानव जीवनलाई सहज, उन्त र सुखी तुल्याउनु नै आजीवन सिकाइको मुल ध्येय हो।

### ३.६.२. वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति – २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुल्ला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका आपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भए सँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुनःसंरचना हुँदा साविकको अनौपचारिक शिक्षा केन्द्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान शाखा रहे पनि उक्त शाखाको कार्यविवरणमा अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित विषय समावेश छैन। स्थानीय तहमा रहेको शिक्षा महाशाखा/शाखाको कार्यविवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न त व्यक्तिगत रुपमा न त संस्थागत र प्राणालीगत रुपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। विगत १ दशक भन्दा बढी अवधिदेखि साक्षरतालाई अभियानका रुपमा सञ्चालन गर्दा समेत अझै २४ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन्। सबै युवाहरुका लागि खुल्ला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन। अनौपचारिक शिक्षा नीति र खुल्ला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रहरुलाई अपेक्षित रुपमा सुदृढीकरण गर्न सकिएको छैन । त्यसैगरी आश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन (संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन । आवधिक रुपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्यांकका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ। यस चौविसे गाउँपालिकामा हाल अनौपचारिक शिक्षा संचालन गर्न ५ वटा सामुदायिक सिकाइ केन्द्रहरू संचालित छन्।

### ३.६.३. अवसर र चुनौती

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु।
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसंगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्था गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ अवश्यक्ता सम्बोधन गर्न सक्ने बनाउनु।
- नागरिक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापन र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसंग आबद्ध गर्नु।
- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु।

- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोडन नसक्नु ।
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरु परम्परागत रहनु ।
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडन् नसकिनुका साथै सीपको प्रमाणपत्र रोजगारको अवसरसँग नजोडिनु ।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु गैर सरकारी र समुदायमा आधारित संस्थाहरुले संचालन गर्न छाड्नु ।
- साक्षर भएको जनसंख्या ७३.८१ प्रतिशत रहेको तर उनीहरुका लागि निरन्तर शिक्षा र सीपमूलक कार्यक्रम संचालन हुन नसक्नु ।
- पुरुषको तुलनामा महिला निरक्षरता दर बढी हुनु ।
- साक्षर भएकाहरु साक्षरता सीपको प्रयोग र अभ्यास नहुदा पुनः निरक्षर हुनु ।
- शैक्षिक सत्र पूरा नगरी बीचमै छाड्ने, बालबालिकाहरुको संख्या ४.५ प्रतिशत रहेको हुँदा साक्षर हुन नसक्ने र नव साक्षरको अवस्थामा रहेका व्यक्तिको संख्या अझैपनि अधिक रहनु ।

### ३.६.४. उद्देश्यहरु

- सबै नागरिककालागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु ।
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु ।
- बालवालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु ।
- नवसाक्षरहरूलाई जीविकोपार्जनका गतिविधहरूको सहभागितामा वृद्धि गर्नु ।

### ३.६.५. रणनिति

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छ -

- सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिने छ । यसका लागि स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकता अनुसार समायोजन, पुनर्सरचना तथा पनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लगिने छ ।
- स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गरिने
- स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम द्वारा सचेतना कार्यक्रम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रुपमा सुदुढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गर्ने छ ।

### ३.६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

#### नतिजा

- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइ केन्द्रको रुपमा विकास हुने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी तथ्यांक अद्यावधिक हुने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारुप तयार हुने ।
- सबै नागरिकहरुका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरु प्राप्त हुने ।

#### प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | साक्षरता र निरन्तर शिक्षा सम्बन्धी कार्यक्रम | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | |
| २ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्थापन | निरन्तर | | | | | | | | | १००० |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | २००० |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | निरन्तर | | | | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | १००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | निरन्तर | | | | | | | | | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई सक्षरता र आयआर्जन कार्यक्रम | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | |
| | जम्मा | | | | | | | | | | ४००० |

## परिच्छेत- ४ : अन्तरसम्बन्धित क्षेत्रहरु

### ४.१. समावेशी तथा समता

#### ४.१.१. परिचय

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रिय, धार्मिक, भाषिक, जातिय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ। बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो। फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो। समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मुल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ। सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ। उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपन्त्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको वसोवास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्को तिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदायहरु पनि छन्। उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक

समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ। यस्ता बाधाहरुमा समुदाय तथा परिवेश अुनसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरु भौतिका तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन्। कतिपय वाधाहरु संरचनागत पनि हुन सक्दछन्।

### ४.१.२. वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ। त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुकालागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो। अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रवन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ। शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरुको शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ। बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशकदेखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले वञ्चितीकरणमा परेको बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि वि. सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिबृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा निशुल्क रुपमा विद्यालय शिक्षा , उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र निति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र

प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ। तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता , समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ। उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन्। यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय  संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको  छ।

### ४.१.३. अवसर तथा चुनौतीहरु

- लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहका जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच पर्यायाउने ।
- सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुर्याउने।
- अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा टिकाई राख्ने।
- लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्ने।
- विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिबृद्धि गर्ने।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार , हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउने।

### ४.१.४. उद्देश्यहरु

- लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहुँचमा वृद्धि गर्नु।
- विद्यालयमा कुनै पनि प्रकारका विभेद , भय, दुर्व्यवहार तथा त्रासमुक्त सिकाइ वातावरणको सुनिश्चतता गर्नु।
- विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको सुनिश्चितता गर्नु।

### ४.१.५. रणनीतिहरु

- स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।
- जटिल भौगोलिक क्षेत्रमा बसोवास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रम विभिन्न नमुनाहरु समते विकास गरी पहुँच सुनिश्चित गरिने छ।
- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ।
- आधारभूत तहमा बहु तथा मातृभाषा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावोश गरिने छ। त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ।
- आवश्यकतानुसार लक्षित वर्गलाई पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
- औपचारिक विद्यालय शिक्षाबाट वञ्चितिमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरुलाई सहभागी गराइने छ।

### ४.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

#### नतिजाहरु

- लक्षित समूह (महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका) सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
- लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुधार हुने।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना हुने ।

- पाठ्यक्रम, पाठ्यसामाग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत शैक्षित प्रणालीमा विविधता, समता तथा समावेशिता अभिबृद्धि हुने ।
- विद्यालयहरुमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना हुने ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र . स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयमा समतामूलक भौतिक संरचना निर्माण | निरन्तर | | | | | | | | | |
| २ | समावेशी तथा समतामूलक शिक्षा तालिम | निरन्तर | | | | | | | | | १००० |
| ३ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | निरन्तर | | | | | | | | | १००० |
| ४ | दूर्व्यवहार र त्रासमूक्त वातावरण | निरन्तर | | | | | | | | | |
| ५ | समावेशीकरणका विषयबस्तुहरुलाई पाठ्यक्रममा समावेश गर्ने | निरन्तर | | | | | | | | | |
| ६ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्ग मैत्री र लैङ्गिक उत्तरदायी बनाउने | निरन्तर | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | २००० |

## ४.२. दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम

### ४.२.१. परिचय

स्वस्थ्य शरीरमा नै स्वस्थ्य दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ । बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागितामा वृद्धि गराई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, सफा शौचालय, हरियाली, सफा वातावरण, स्वच्छ सफा खाजा घरको व्यवस्था गर्नु आवश्यक छ । बालबालिकालाई मानसिक, शारीरिक र बौद्धिक रुपमा तयारी गरिसकेपछि मात्र विद्यालय शिक्षण सिकाइमा प्रभावकारी, दिगोपना ल्याउन सक्षम हुन्छ । साथै विद्यालयमा कक्षा छोड्ने दर घटाउन र विद्यालयमा टिकाई राख्न सक्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमहरु सञ्चालन गर्न अति आवश्यक छ ।

तसर्थ नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लामा छानिएका विद्यालयहरुमा हालसम्म  सञ्चालन भइरहेका छन् । त्यसैगरी कर्णाली र सुदुर पश्चिम प्रदेशका आठ जिल्लाहरुमा सोही कार्यक्रम थप गरी सञ्चालन भइरहेको छ । सन् २००८ देखि केही छानिएका प्राथमिक विद्यालयमा सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/०७८ मा सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक देखि ५ कक्षा सम्मका सबै विद्यार्थीलाई दिवा खाजा व्यवस्था गरेको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरु हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान पुर्याउँछ ।

### ४.२.२. वर्तमान अवस्था

#### दिवा खाजा

चौविसे गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा सामुदायिक विद्यालयको कक्षा १–५ का बालबालिकालाई प्रतिविद्यार्थी रु. ९ को दरले दिवा खाजा वापत अनुदान वितरण गरी सुरुवात गरेको थियो । त्यसैगरी नेपाल सरकारको सबैका लागि खाद्य सम्प्रभूताको हक, दिगो विकास, गरिबी उन्मुलन तथा भोक उन्मुलन र सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चितता सम्बन्धमा भएको नीति अनुसार चौविसे गाउँपालिकाले "सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०७७" जारी गरी आ.व.२०७७/०७८ देखि बालविकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि प्रतिविद्यार्थी प्रतिदिन रू १५।- का दरले अनुदान वितरण गरी दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ ।

#### स्वास्थ्य, सरसफाई र स्वच्छताः

विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी, अलगअलग बाल, लैङ्गिक,अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण, महिनावारी स्वच्छता व्यवस्थापन, स्वच्छ तथा सफा खाजा घर र सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनको लागि संस्थागत व्यवस्था रहेका छन् । तसर्थ तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट खानेपानी तथा सरसफाई कार्यक्रमहरु क्रमशः प्रदान गरिरहेको अवस्था छ । त्यसैगरी छात्रछात्राको लागि अलगअलग शौचालयको निर्माणका योजनाहरु विद्यालयहरुमा वितरण भइरहेको छ । वर्तमान अवस्थामा चौविसे गाउँपालिका मार्फत् पनि शौचालय र खानेपानीका कार्यक्रमहरुको योजना विद्यालयहरुमा वितरण भइरहेको अवस्था छ ।

### ४.२.३. अवसर तथ चुनौतीहरुः

विद्यालयमा स्वास्थ्य, पोषण तथा दिवा कार्यक्रमलाई "सबैका लागि शिक्षाको डकार" बैठक सन् २००० ले सिफारिस गरेको FRESH ( Focusing Resources on Effective School Health ) लाई नै आधार मानी नेपाल सरकारले विगतमा निश्चित विद्यालयहरुमा नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमहरु सञ्चालन गरेको थियो भने यसै

आ.व.२०७७/०७८ सालदेखि देशभरीका सामुदायिक विद्यालयका पूर्व प्राथमिक कक्षा देखि ५ कक्षा सम्मका बालबालिकालाई दिवाखाजाको व्यवस्था गरेको छ । सोही अनुसार चौविसे गाउँपालिकाले दिवा खाजा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

त्यसैगरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले विद्यालयहरुमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ तय गरी खानेपानी, सरसफाई, शौचालय निर्माण महिनावारी स्वच्छता व्यावस्थाका कार्यक्रमहरु गरिरहेका छन् । चौविसे गाउँपालिकाले सोही आधारमा शौचालय निर्माणका योजना, खानेपानीको आयोजना र सेनिटरी प्याडहरु वितरण गर्ने कार्यक्रमहरु गरिरहेका छन् ।

**अवसरहरू -**

दिवा खाजा, स्वास्थ्य सहितको पोषण कार्यक्रमका अवसरहरु तपशिल अनुसार रहेका छन् ।

- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थिति हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धिमा सुधार गर्न सहयोग गर्दछ।
- दिवा खाजा कार्यक्रम सञ्चालनबाट स्थानीय उत्पादनलाई उपयोगमा ल्याउन सकिन्छ ।
- स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको संज्ञानात्मक क्षमता , शैक्षिक उपलब्धि साथै गुणस्तरीय जीवन हासिल गर्न मद्दत पुर्याउँछ ।
- स्वास्थ्यसँग सम्बब्धित सरसफाई, स्वच्छता तथा पोषण सम्बन्धी शिक्षाले बालबालिकाको स्वास्थ्य , सरसफाई स्वच्छता तथा पोषणको अवस्थामा सुधार भई स्वस्थ जीवनका लागि सहयोग प्राप्त हुन्छ ।

**चुनौतीहरू -**

- वर्तमान मूल्यका आधारमा दिवा खाजा वापत प्राप्त गर्ने रकम रु.१५।– न्यून भएको ।
- प्रत्येक विद्यालयमा स्वच्छ खाजा घरको व्यवस्था गर्नुपर्ने ।
- तोकिएका पोषणयुत खाद्य पदार्थको पर्याप्त मात्रामा उपलब्ध नहुनु ।
- कतिपय विद्यालयहरुमा खानेपानीको पर्याप्तता नहुनु ।
- कतिपय विद्यालयहरुमा व्यवस्थित छात्र छात्राको अलग अलग, बालमैत्री, अपाङ्गतामैत्री शौचालय नहुनु र भए पनि पर्याप्त नहुनु ।
- सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने ।
- विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने ।
- सरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

### ४.२.४. उद्देश्यहरु

यस योजनाले विद्यालय स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी निम्न लिखित उद्देश्य राखेको छः

- विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु ।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
- विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।
- अभिभावकहरु,स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुको समन्वय तथा सहभागितामा सुदृढ गरी पोषण,स्वास्थ्य कार्यक्रम मार्फत बालबालिकाको सिकाई उपलब्धिमा सुधार गर्नु ।
- विद्यालयमा विद्यार्थी नियमितता वृद्धि गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु ।

### ४.२.५. रणनीतिहरु

योजनाको उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

- चौविसे गाउँपालिकाले जारी गरेको दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ लाई स्वास्थ्य सहित पोषण कार्यक्रम थप गरी आवश्यक परिमार्जन गरिने छ ।
- दिवा खाजाको लागि विद्यालयमा नै सफा, ताजा र पोसिलो खाजा तयारीका लागि चाहिने भान्सा तथा भण्डार घर साथै भान्सामा आवश्यक पर्ने भाँडावर्तन र अन्य सामग्रीहरु तथा हात धुने सुविधा विस्तार गरिने छ ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः आधारभूत तह सम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गरिने छ भने अभिभावकको संलग्नतामा माध्यमिक तहका विद्यार्थीका लागि खाजा प्रवन्ध गरिने छ ।
- विद्यार्थी संख्याको अनुपातमा पर्याप्त सफा पानी, साबुन तथा सरसफाई सामग्री सहित छात्र छात्राका लागि अलग अलग शौचालय, किशोरीहरुका लागि चेन्ज रुम, हात धुने साथै प्रयोग भइसकेका सामग्री व्यवस्थापन गर्ने ठाउँ र विद्यालय वातावरण सुरक्षाको लागि घेराबाराको व्यवस्थापन गरिने छ ।
- विद्यालयहरुमा  प्राथमिक उपचार किट र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ ।
- दिवा खाजा लगायत स्वस्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइने छ ।

### ४.२.६. उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### *उपलब्धि*

विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाईमा सचेत भएको हुने ।

#### *प्रमुख नतिजाहरु*

- चौविसे गाउँपालिकाले जारी गरेको दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ लाई स्वास्थ्य सहित पोषण कार्यक्रम थप गरी आवश्यक परिमार्जन गर्ने ।
- प्रत्येक विद्यालयमा सफा व्यवस्थित खाजा घरको व्यवस्था हुने ।
- दिवा खाजा कार्यक्रमलाई आधारभूत तहसम्म निःशुल्क व्यवस्था गर्ने ।
- माध्यमिक तहको हकमा अभिभावकलाई संलग्न गरी अनिवार्य दिवा खाजाको प्रबन्ध मिलाइएको हुने ।
- प्रत्येक विद्यालयमा विद्यार्थी संख्याको आधारमा सफा खानेपानी , छात्र छात्राका लागि शौचालय, चेन्ज रुम, हात धुने धारा साथै सुरक्षाको लागि घेराबाराको व्यवस्थापन गर्ने ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार किट र किशोरीहरुको लागि स्यानीटरी प्याड वितरण तथा व्यवस्था मिलाइएको हुने ।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने ।
- सम्पूर्ण कार्यक्रमहरुको सञ्चालनमा अनुगमन र मूल्याङ्कन प्रभावकारी ढंगले हुने ।

### *प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु*

| क्र. सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | बाँकि ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अधावधिक र परिमार्जन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थ्यकर्मी व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ३ | प्राथमिक उपचारको बाकस प्रत्येक विद्यालयमा व्यवस्था गर्ने | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | १९ | | २२०० |
| ४ | किशोरीहरुको स्वास्थ्य व्यवस्थालाई मध्यनजर गरी विशेष व्यवस्था गर्ने | निरन्तर | | | | | | | | | १००० |
| ५ | सरसफाई सम्बन्धी आवश्यक पूर्वाधार विकास गर्ने | निरन्तर | | | | | | | | | |
| ६ | स्थानीय उत्पादनमा चक्रीय पोषणुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयमा पोषण कर्नर तयार गर्ने | निरन्तर | | | | | | | | | |
| ८ | अभिभावक आमा समूह गठन र परिचालन गर्ने | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | |
| ९ | भन्साघरको प्रवन्ध गर्ने | वटा | | ४४ | | | | ४४ | | | ४४०० |
| | जम्मा | | | | | | | | | | ७६०० |

## ४.३. छात्रवृत्ति

### ४.३.१. परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो । छात्रवृत्ति सम्बन्धी ऐन २०२१ लाई संशोधन गर्न बनेको विधेयक, २०६५ अनुसार "छात्रवृत्ति कुनै अध्ययन अनुसन्धान वा प्रशिक्षणका लागि नेपाल सरकारले व्यक्ति वा शैक्षिक संस्थालाई उपलव्ध गराएको आर्थिक अनुदान वा सुविधा हो ।" तसर्थ छात्रवृत्ति लगायत विद्यार्थीहरुलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेशनरी लगायतका सामग्रीहरु दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीहरुको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ ।

### ४.३.२. वर्तमान अवस्थाः

नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरुका लागि विभिन्न किसिमका छात्रवृत्तिहरु प्रदान गरिरहेको छ । सामुदायिक तथा संस्थागत विद्यालयहरुले आफ्नै आन्तरिक कोषहरुबाट पनि गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिरहेको अवस्था छ । आ.व. २०७७/७८ र २०७८/७९ मा यस चौविसे गाउँपालिकाले नेपाल सरकारबाट वितरण हुने र गाउँपालिकाले छात्रवृत्ति कोष तयार गरी वितरण गर्ने विभिन्न किसिमका छात्रवृत्ति निम्नाअनुसार रहेका छन् ।

| क्र.सं. | छात्रवृत्तिको किसिम | विद्यार्थी संख्या | वार्षिक रकम |
|---|---|---|---|
| १ | अपाङ्गता भएका विद्यार्थी | १० | २६००० |
| २ | लोपन्मुख र सीमान्तकृत सामुदायका बालबालिका | २२ | ११००० |
| ३ | छात्रा (कक्षा १–८) | १४३८ | ५७५२०० |
| ४ | दलित (कक्षा १–८) | ९५ | ३८००० |
| ५ | गरीव केन्द्रित | | |
| | क) कक्षा ९–१० | | |
| | ख) कक्षा ९–१२ | | |

| | | | |
|---|---|---|---|
| ६ | द्वन्द पिडित | | |
| | क) कक्षा १–५ | | |
| | ख) कक्षा ६–८ | | |
| | ग) कक्षा ९–१२ | | |
| | घ) कक्षा ११–१२ | | |
| ७ | शहिद परिवार | | |
| | क) कक्षा १–५ | | |
| | ख) कक्षा ६–१० | | |
| | ग) कक्षा ११–१२ | | |
| ८ | प्राविधिक धारका विद्यार्थीहरुको लागि छात्रवृत्ति कक्षा ९–१२ | ८ | १४४००० |
| ९ | कक्षा ११-१२ मा विज्ञान तथा होटेल व्यवस्थापन अध्ययन छात्रवृत्ति | २० | ६७०००० |
| १० | उच्च शिक्षा अध्ययन छात्रवृत्ति | ७९ | ५००००० |
| ११ | कृषि तथा पशु विज्ञान अध्ययन (CTEVT) छात्रवृत्ति | | |

### ४.३.३. अवसर र चुनौतीहरु

लक्षित समुदायहरु विशेषतः गरीब सुविधाविहीन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठीन परिस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्ति लगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुराहरुलाई नेपालको संविधान तथा विभिन्न नीतिहरुले पनि आधार प्रदान गरेको छ। शिक्षाको पहुँचबाट बञ्चित भएका गरिबीको रेखामुनि रहेका बालबालिकालाई छात्रवृत्ति कार्यक्रमले शिक्षाको पहुँच बढाउन सहयोग पुर्याउँछ ।

**अवसरहरू:**

- विद्यार्थी अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ।
- विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यन्वयनमा सहयोग गर्दछ।
- विद्यालयमा उपस्थित हुन सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्रदान गर्दछ।
- बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान पुर्याउँदा नेपाल सरकारले विभिन्न छात्रवृत्तिहरुको व्यवस्था गरेको छ।
- चौविसे गाउँपालिकाले पनि छात्रवृत्ति कोष व्यवस्था गरी गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षाको पहुँचमा पुर्याउन प्रयासहरु गरेको छ।

**चुनौतिहरू:**

- विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु ।
- अधिकांश छात्रवृत्ति गरीब केन्द्रित नभई जातजाति र लिङ्गका आधारमा प्रदान गरिनाले गरीब र जेहेन्दार बालबालिकाहरु सुविधाबाट बञ्चित हुनु ।
- कतिपय छात्रवृत्तिहरु पहुँचका आधारमा वितरण हुनु तथा लक्षित बालबालिकाले प्राप्त गर्न नसक्नु ।
- छात्रवृत्ति वितरण वैज्ञानिक र प्रभावकारी बनाउन नसक्नु ।
- छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्न नसक्नु ।

### ४.३.४. उद्देश्य

१. आर्थिक रुपले सुधिाविहीन, कठीन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुर्याई सिकाइमा सहभागिता बढाउनु ।

२. विद्यालय शिक्षामा समानता र समता वृद्धि गरी समावेशी बनाउनु ।

३. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्नु ।

४. गुणस्तरीय तथा प्राविधिक शिक्षामा छात्रवृत्तिको उचित प्रवन्ध गर्नु ।

### ४.३.५. रणनीतिहरुः

- छात्रवृत्ति उद्देश्यमूलक बनाइने छ (जस्तै स्टेशनरी तथा सिकाई सामाग्री, पोशाक आद) ।
- छात्रवृत्ति प्रदान गर्दा गरीब, विपन्न, सुबिधा विहीन, अपाङ्ग र जेहेन्दार बालबालिकालाई केन्द्रित गरिनेछ ।
- छात्रवृत्ति व्यावस्थापन समितीहरु गठन गरिनेछ ।
- छात्रवृत्ति उद्देश्य अनुरुप पर्याप्त हुने गरी व्यवस्था गरिनेछ ।
- छात्रवृत्ति कोषको तयारी गरी आवश्यकता अनुसार प्रदान गरिनेछ ।

### ४.३.५. उपलव्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्यः

#### *उपलव्धि*

विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई समता र समावेशितामा सुधार हुने ।

#### *प्रमुख नतिजाहरु*

- आर्थिक रुपले पिछडिएका वर्गलाई छात्रवृत्ति प्रदान गरिने ।
- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास र कार्यान्वयन हुने ।
- सामुदायिक विद्यालय आवासीय छात्रवृत्ति कार्यक्रम सहितको हुने ।

- प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरेको हुने ।
- छात्रवृत्ति वितरणका कारण बालबालिकाको सहभागिता वृद्धि भई सिकाइमा सुधार हुने ।

### *प्रमुख क्रियाकलापहरु तथा लक्ष्य*

| क्र . स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | प्राविधिक धार अध्ययन छात्रवृत्ति | जना | १६ | २४ | ३२ | ३२ | ३२ | १३६ | १६० | | ६००० |
| २ | विज्ञान तथा होटेल व्यवस्थापन अध्ययन छात्रवृत्ति | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० | | १०५०० |
| ३ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति | जना | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ३७५ | | ५००० |
| ४ | कृषि तथा पशु विज्ञान अध्ययन छात्रवृत्ति | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | | ३५०० |
| ५ | छात्रा, दलित, गरीव, लोपोन्मुख, सीमान्तकृत, तथा जेहेन्दार छात्रवृत्ति | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | | ४००० |
| ६ | विद्यालय तहका वालवालिकाहरुको सिकाइका लागि प्रोत्साहन कार्यक्रम पहिचान तथा कार्यान्वयन | जना | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | | १०००० |
| | जम्मा | | | | | | | | | | ३९००० |

## ४.४. आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

### ४.४.१. परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [ Preparedness ] आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारहरु आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन् । चौबिसेमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश गरिएको छ । विशेषतः द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजना (२०७८–२०८७) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

शिक्षा योजनाले आपतकालीन तथा संकटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्व, विस्थापन तथा बसाइसराई जस्ता पक्षलाई समेट्नु पर्दछ । प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत भूकम्प, बाढीपहिरो, हावाहुरी, असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना, अति चिसो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन् । त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड,, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपयहरूको तयारी पर्दछन् ।

### ४.४.२. वर्तमान अवस्था

हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित विद्यालयको मर्मतसम्भार, सुरक्षित निर्माण तथा प्रवलीकरणमा केन्द्रित रहने उल्लेख गरेको छ।

चौबिसे गाउँपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली–बेइज्जती, विभेद लागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसा रहित र भय रहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने कार्य तय गरेको छ।

कोभड १९ को शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्न विभिन्न कार्यहरू विगत वर्षदेखि नै सञ्चालन गरिँदै आएका छन् । मानव इतिहासिककै ठूलो विश्वव्यापी महामारी कोभिड–१९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुर्याइरहेको छ । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न चौबिसे गाउँपिलकाले विशेषतः शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू गर्दै आएको छ।

आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ४.४.३. अवसर तथा चुनौतिहरु

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन भविष्यवाणी गर्न भने सकिदैन । त्यसैगरी कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् । चौविसे गाउँपालिकाको शिक्षा क्षेत्रको यो योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

- आपतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
- छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयको प्रत्याभूति गर्ने।
- प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने।

- अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने।
- योजना तत्कालिक बनाउने कि दीर्घकालिक बनाउने।

उल्लिखित अनुसारका मुद्दाहरूले सृजना गरेका चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु नै आगामी योजनाको प्राथमिकता हुनु पर्दछ।

### ४.४.४. उद्देश्य

सामान्यतः विपदको अवस्थामा शिक्षा व्यवस्थापनको मुख्य उद्देश्य जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासलाई अबरुद्ध हुन नदिनु हो भने विशिष्ट रूपमा यस्तो शिक्षाका निम्नानुसारका उद्देश्य हुनेछन्ः

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्वसावधानी र तयारीको वातावरण तयार गर्नु।
२. सम्भावित सङ्कटको सामना गर्नु अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
३. सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु।
४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नु।

### ४.४.५. रणनीतिहरु

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ।
२. चौबिसे गाउँपालिकाले संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आ–आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
४. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ।
५. विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सरकारको तयारी, रोकथाम, प्रतिकार्य, र पुनर्स्थापनका लागि क्षमता विकास गरिने छ।
६. विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनमा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिने छ।
७. विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकुल पुनर्व्याख्या तथा प्रयोगमा ल्याइने छ।
८. प्रकृतिक विपद, महामारी, शान्ति सुरक्षा कायम आदिमा संघीय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा काम गरिने छ।

९. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ।

१०. विपदका कारणले सिर्जना हुने मनोसामाजिक समस्या समाधानका लागि परामर्श सेवा प्रदान गरिने छ।

### ४.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

***नतिजा***

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने।
२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने।
३. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह र सिकाइको निरन्तरता हुने।
४. युद्ध, सामाजिक द्वन्द, हिंसा, बसाइसराईंको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने।

***क्रियाकलाप तथा लक्ष्य***

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | आवश्यकता अनुसार | | | | | | | | | १००० |
| २ | विपद सम्वन्धी विद्यालय स्तरीय विपद योजना निर्माण | वटा | १० | १० | १० | १० | १० | ५० | १० | | |
| ३ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | १०००० |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक | आवश्यकता अनुसार | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइको व्यवस्थापन | | | | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने स्वयंसेवकका लागि तालिम सञ्चालन | जना | २४ | २४ | २४ | २४ | २४ | १२० | १२० | | ३००० |
| ६ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | वटा | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | | |
| ७ | वडा स्तरीय सचेतना कार्यक्रम | वटा | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | | ४००० |
| ८ | विपद व्यवस्थापनका लागि आवश्यक उपकरण तथा सामाग्री सहितको व्यवस्थापन केन्द्र स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | १०००० |
| | जम्मा | | | | | | | | | | २८००० |

## ४.५. विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.५.१. परिचय

विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमा पढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनको लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.५.२. वर्तमान अवस्थाः

चौविसे गाउँपालिकामा हाल ४४ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयहरू छन् । पालिकाका सबै सामुदायिक विद्यालयहरूमा सवै विद्यालय भवनहरु पक्की छैनन् । भएका भवनहरु पनि अपाङ्गमैत्री छैनन् । प्रधानाध्यापकका लागि बेग्लै कोठा भए पनि सुविधासम्पन्न छैनन् । सवै विद्यालयमा अलग्गै कम्प्युटर कोठाको समेत अभाव छ । यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि धैरैजसोमा पानीको राम्रो आपूर्ति देखिँदैन । स्वच्छ पिउने पानीको व्यवस्था

राम्रो छैन । खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको अभाव रहेको छ । त्यसैगरी धेरैजसो विद्यालयहरूमा अलग्गै विज्ञान तथा अन्य ल्यावका कोठाहरूको अभाव देखिन्छ।

विद्यालयहरूमा विद्यार्थीहरूको पठनपाठनमा सहज हुने खालका कक्षाकोठाहरू, छात्राका लागि अलग्गै शौचालय समेत हुन सकिरहेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार, कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ।

### ४.५.३. अवसर र चुनौतीहरु

१) विद्यालयका लागि भौतिक पूर्वाधारको स्वरुप स्पष्ट पार्नु।

२) पूर्वाधारहरूलाई जोखिममुक्त र अपाङ्गता र लैंगिकमैत्री बनाउनु।

३) सुरक्षित विद्यालयको भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्नु।

४) सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि गुरु योजना विकास गर्नु।

५) भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक स्रोतहरू पहिचान तथा व्यवस्थापन गर्नु।

### ४.५.४. उद्देश्यः

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु।

२) विद्यालय भौतिक पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

### ४.५.५. रणनीतिहरू

१) विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने विद्यालय पूर्वाधारको यकिन गरिनेछ।

२) पूर्वाधार विकासको लागि विद्यार्थी संख्याको प्रक्षेपण, भूगोल, हावापानी तथा लागतको आधारमा मापदण्ड विकास गरिनेछ।

३) पूर्वाधार विकासका लागि संघ, प्रदेश, स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिनेछ।

४) विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूको पहिचान तथा लागत साझेदारी गरिनेछ।

५) विद्यालयहरू निर्माण गर्दा कक्षा कोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (Wash सुविधा सहितको), क्यान्टिन, प्रयोगशाला, पुस्तकालय, सभाहल, खेलकूद कक्ष, प्राथमिक उपचार कक्ष, परामर्श कक्ष आदि सबैको योजना समावेश गरी डिजाइन तयार गरिनेछ।

६) विद्यालय घेराबारा र चिल्ड्रेन पार्क तथा खेल मैदान निर्माण गरी विकास तथा विस्तार गरिनेछ।

७) विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गरिनेछ।

८) "विद्यालय हाम्रो : बनाउँ राम्रो" भन्ने नारालाई आत्मसाथ तथा कार्यान्वयन गरिनेछ।

## ४.५.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

*नतिजा*

१) विद्यालयमा भएको सुविधा सम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापनले बालबालिकाहरूको गुणस्तरीय सिकाइमा सहयोग हुने।

२) विद्यमान शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नु पर्ने भौतिक पूर्वाधारको अवस्था पहिचान हुने।

३) भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको गुरुयोजना तयार हुने।

४) पूर्वाधार विकासको लागि स्रोत पहिचान हुने।

५) पालिकाको सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास एवम् विस्तार हुने।

६) विद्यालयहरूका भौतिक पूर्वाधारहरू अपाङ्गता एवम् छात्रामैत्री हुने।

७) विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन एवम् मर्मत सम्भारको पद्धतिको विकास हुने।

*क्रियाकलाप तथा लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | बाँकी ५ वर्ष को | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |

| | | | | | | | | | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास गुरू योजना निर्माण | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी) | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | १०००० |
| ३ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत | आवश्यकता अनुसार | | | | | | ० | | | २००० |
| ४ | विज्ञ समुहद्वारा सम्पूर्ण विद्यालयको स्थलगत अध्ययन, विनियोजित रकमको शीर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन | निरन्तर | | | | | | ० | | | १००० |
| ५ | "विद्यालय हाम्रो : बनाउँ राम्रो" कार्यक्रम (प्रस्तावना अनुसार) | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | १०००० |
| ६ | बालमैत्री, प्रविधिमैत्री र समतामूलक कक्षाकोठा व्यबस्थापन | वटा | | १० | १० | १० | १० | ४० | ४ | | ४४०० |
| ६ | एक विद्यालय - एक बगैंचा कार्यक्रम | वटा | ४४ | | | | | ४४ | | | ४४०० |
| | जम्मा | | | | | | | | | | ३१८०० |

## ४.६. शिक्षामा सूचना र प्रविधि

### ४.६.१. परिचय

सामान्यतया शिक्षामा सूचना प्रविधि भन्नाले कक्षाकोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेभमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने बुझिन्छ । यसले विद्यालयका प्रशासनिक काम तथा विशेष प्रकारका विद्यार्थीको सिकाइलाई सघाउने मात्र नभई स्वाध्यायनलाई प्रेरित गरी खोजी गर्ने र सिक्नलाई पनि मद्दत पुर्याउँछ । सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा मात्र हैन देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुर्याउँछ । सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग

गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ।

वि.सं. २०१४ सालमा कलेज अफ एजुकेशनको स्थापना भएपश्चात प्रौढ शिक्षा शाखाबाट उत्पादन गरी प्रसारण गरिएको प्रौढ शिक्षा कार्यक्रम, वि.सं. २०३७ भाद्र ४ गतेदेखि सञ्चालित रेडियो शिक्षक तालिम, वि. सं. २०६३ मा शैक्षिक जनशक्ति विकास केन्द्रबाट एसएलसी दिने विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको शैक्षिक टेलिभिजन कार्यक्रम र सरकारी तथा गैर सरकारी निकायहरुबाट विकास गरिएका मल्टिमिडियामा आधारित सिकाई सामग्री नै समग्र रुपमा शिक्षामा सूचना तथा प्रविधिका महत्वपूर्ण शुरुवाती उपलब्धि हुन्। सूचना तथा सञ्चारका क्षेत्रमा सन् २००० पछि विश्वमा तिव्र गतिमा भएको प्रगतिले गर्दा समाजका प्रत्येक निकायले गर्ने क्रियाकलापमा आमूल परिवर्तन आएको छ। इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा बृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरु अनलाईन सिकाइ सामग्रीमा रुपान्तरण भएका छन्। प्रारम्भमा सूचना आदान प्रदान गर्ने उद्देश्यलवे विकास गरिएको सूचना तथा सञ्चार प्रविधिका साधनहरु हालैका दिनमा शिक्षण सिकाइ प्रक्रियाका अभिन्न अङ्ग बन्न पुगेका छन्।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रुपान्तरणका लागि विषय र माध्यम दुबै रुपमा प्रयोग गर्ने नीति अङ्गिकार गरेको छ। उक्त नीतिलाई मूर्त रुप दिन विद्यालय क्षेत्र सुधार योजना २०६६–०७२, आइसिटी मास्टर प्लान, २०६९ निर्माण भई कार्यान्वयनमा आएको छ। हाल यो प्लान परिमार्जनका क्रममा रहेको छ। विद्यालय क्षेत्र विकास योजना (२०१६–२०२२) ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरेको छ। शिक्षक सक्षमताको प्रारुप, २०७२ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा समावेश गरेको छ।

इन्टरनेटमा उपलब्ध हुने सिकाइ सामग्री जुनसुकै स्थानबाट जुनबेला पनि अध्ययन अध्यापनका लागि प्रयोग गर्न सकिन्छ। इन्टरनेटका माध्यमबाट विश्व एउटा गाउँ जस्तै भएको वर्तमान परिप्रेक्षमा विश्वभरका विषय विज्ञसँग वेभ कन्फेरेन्सका माध्यमबाट छलफल तथा अन्तरक्रिया गर्न सकिन्छ। इन्टरनेटको प्रयोगबाट शिक्षण सिकाइका लागि आवश्यक पर्ने पाठयोजना निर्माण गर्न सहज हुन्छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री लगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टरनेटमा उपलब्ध हुन्छन्। ताररहित र तारसहित इन्टरनेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुल्ला शैक्षिक स्रोतको द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ।

कोभिड –१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाईन तथा अफलाईन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ।

### ४.६.२. वर्तमान अवस्था

चौविसे गाउँपालिकामा वर्तमान अवस्थामा सबै सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था छ। सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार

पार्ने जस्ता विषय योजनामा उल्लेख गरिएको छ । हाल मल्टिमिडिया समेतको सुविधा भएका ६ वटा, स्मार्ट वोर्ड भएको ३ वटा विद्यालय छन् । चौविसे गाउँपालिकाका सबै विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला १० वटा, कम्प्युटर प्रयोगशाला ९ वटा विद्यालयमा छन् । साथै १५ वटा विद्यालयहरूमा CCTV Camera जडान गरिएको छ भने सबै सामुदायिक वद्यालयहरूमा रमाइलो पढाइ कक्षाका लागि स्मार्ट टिभी र प्रशासनिक काम कार्यको लागि १/१ वटा डेस्कटप कम्प्युटर, प्रिन्टर र युपिएस वितरण गरिएको छ ।

चौविसे गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कक्षा-८ संचालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा विद्यार्थी परिचयपत्र, शिक्षक परिचयपत्र, परीक्षा तालिका, विद्यार्थी प्रगति प्रतिवेदन जस्ता विवरणहरू डिजिटल प्रविधिको प्रयोग गरी विकास गर्ने अभ्यास शुरू गरेको छ । साथै अभिभावकहरूले आफ्नो मोवाइल एप्सको माध्यमबाट बालबालिकाको प्रगति प्रतिवेदन हेर्न मिल्ने व्यवस्था समेत मिलाएको छ ।

### ४ .६.३. अवसर र चुनौतीहरु

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

- कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरुमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु ।
- डिजिटल प्रविधिको सदुपयोगको सुनिश्चितता गर्नु ।
- दक्ष जनशक्तिको विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु ।
- शिक्षक तथा प्रशिक्षकलाई नियमित रुपमा सूचना प्रविधिमा आधारित तालिमको सञ्चालन तथा व्यवस्थापनप गर्नु ।
- अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरु सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु ।
- ICT को पूर्वाधार विकास गर्नु ।
- सूचना प्रविधि सम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु ।
- सूचना प्रविधिको प्रयोगबाट समता अभिबृद्धि र डिजिटल डिभाइड कम गर्नु ।
- सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु ।
- शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु ।

### ४.६.४. उद्देश्यहरू:

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन ।

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा समतामूलक पहुँच पुर्याउनु ।

- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज, छिटो, छरितो, सस्तो र पारदर्शी बनाउनु ।
- विद्यालय शिक्षाको सिकाइ र मूल्याङ्कन प्रक्रियामा प्रविधिको प्रयोग गरी सिकाइ उपलब्धी वृद्धि गर्नु ।
- बालबालिकालाई आधुनिक सूचना तथा प्रविधिको ज्ञान तथा जीवनोपयोगी सीप प्रदान गर्नु ।

### ४.६.५. रणनीतिहरु

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रवन्ध गरिनेछ ।
- हरेक आधारभूत र माध्यमिक विद्यालयमा सिसि टिभी क्यामराको माध्यमबाट कक्षाकोठाको गतिविधी अवलोकन गर्ने व्यवस्था मिलाइनेछ ।
- हरेक विद्यालयहरुले विद्यालयका सम्पुर्ण शैक्षिक विवरणहरु डिजिटल प्रविधिको प्रयोग गरी व्यवस्थित गर्नेछ ।
- अभिभावकहरुले आफ्ना बालबालिकाको प्रगति प्रतिवेदन लागायतको अन्य विवरणहरु मोबाइलबाटै हेर्ने ब्यवस्था मिलाइनेछ ।
- कम्प्युटर सञ्चालन सम्बन्धी सीप नभएका प्रधानाध्यापक तथा शिक्षकको क्षमता विकास गरिनेछ ।
- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा बैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ ।
- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको व्यवस्था गर्दै प्रविधिमैत्री शिक्षण गरिनेछ ।
- विद्यालयको नियमित शैक्षिक गतिविधिहरुको जानकारी सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइनेछ ।
- सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरु जस्तै ट्याब्लेट, स्मार्ट फोन, मोवाईल आदिको प्रयोगमा जोड दिइनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः इ–पुस्तकालयको स्थापना गर्दै गइनेछ ।
- विद्यालय र सामुदायिक सिकाइ केन्द्रबीच सहकार्य गरी शिक्षण सिकाइ कार्य प्रभावाकारी बनाइनेछ ।

### ४.६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, जीवनोपयोगी र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने ।

### *नतिजा*

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
- सबै विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेको हुने।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोग विस्तार हुने।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने।
- विद्यालय तथ्यांक पद्धति पूर्ण पेपरलेस हुने।

### *प्रमुख क्रियाकलापहरु तथा लक्ष्य*

| क्र. सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | वाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | विद्यालयमा ICT LAB बिस्तार | वटा | १ | १ | १ | १ | १ | ५ | ११ | | १६००० |
| २ | सबै विद्यालयमा इन्टरनेट कनेक्टिभीटि व्यवस्थापन | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | २०००० |
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | १००० |
| ४ | IEMIS सम्वन्धी तालिम | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | १००० |
| ५ | विद्यालयमा ई-लाइब्रेरी सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | ११ | | १६००० |
| ६ | पालिका स्तरमा विद्यालयलाई प्रविधिमैत्री शिक्षक सहायता समूहको निर्माण र परिचालन | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ७ | संचालनमा रहेका सामूदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा ICT विस्तार | वटा | ५ | | | | | ५ | | | २५०० |
| ८ | शिक्षालायहरुमा स्मार्ट मोबाइल फोनमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन | वटा | १६ | १६ | १६ | १६ | १६ | ८० | २२० | | |
| ९ | विद्यालय तथ्यांक पद्धति पूर्ण पेपरलेस | वटा | | १० | १६ | १६ | २० | ६२ | २२० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | ५६५०० |

## परिच्छेत- ५ : विद्यालय सुशासन तथा व्यवस्थापन

### ५.१.१. परिचय

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्ने आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उदेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरुप प्रस्तुत गरिएको छ ।

### ५.१.२. वर्तमान अवस्था

यस चौविसे गाउँपालिकाको शैक्षिक सेवालाई निरन्तरता दिनका साथै थप व्यवस्थित गर्न कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

वर्तमान अवस्थामा चौविसे गाउँपालिका भरिको विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँ कायर्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी अवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ । लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवाको कर्मचारी पुर्याउने लक्ष्यका आधारमा यस चौविसे गाउँपालिकामा २ जना शिक्षा सेवाका कर्मचारीहरु नियुक्ति भई कार्यरत रहेका छन् ।

यस चौविसे गाउँपालिकामा ४४ वटा सामुदायिक, ५ वटा संस्थागत गरी ४९ वटा विद्यालय रहेका छन् भने सबै विद्यालयमा विषयगत शिक्षक नभएकोले सिकाइमा असहजता भएको अवस्था छ । शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिका स्तरमा शिक्षा समिति गठन भई क्रियाशिल रहेको छ र प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ । प्राविधिक विषय पढाई भइरहेका विद्यालयहरुमा स्थायी शिक्षक नभएकोले सम्बन्धित विद्यालयका साथै गाउँपालिकामा थप आर्थिक भार परेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्यहरु व्यवस्थित गर्ने प्रयास गरिँदै आएको भए तापनि संघीय तथा प्रादेशिक कानुन नभएकोले कानुन निर्माण गर्न नसक्नु, पर्याप्त बजेटको अभाव हुनु आदिको कारणले पूर्णरुपमा कार्यान्वयन गर्न सकिएको छैन ।

स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा आवश्यक सहजीकरण भइरहेको छ, कक्षा १० र १२ को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि संघसँग समन्वय भइरहेको भएता पनि प्रदेश स्तरमा कस्तो किसिमको समन्वय हुने भन्ने अन्यौल यथावत छ । विद्यालय तहमा अपुग शिक्षकहरु पदपूर्तिका लागि अस्थायी/करार पदमा सिफरिस गर्न र शिक्षकका लागि क्षमता विकासका कार्यक्रम व्यवस्थापनका लागि गाउँपालिका स्तरमा कस्तो संरचना हुने विषय पनि टुङ्गो लाग्न वाँकी नै रहेको अवस्था छ ।

संघ र प्रदेश सँगको सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहीतामा सुधार गर्नुपर्ने छ । समग्रमा संघ, प्रदेश र यस चौविसे गाउँपालिकाले एउटै लय, गति, विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

### ५.१.३. अवसर तथा चुनौतिहरु

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा विद्यालय सुशासन तथा ब्यवस्थापन सम्वन्धी निम्नलिखित चुनौतिहरू पहिचान गरिएको छ ।

- विद्यालयलाई विशुद्ध शैक्षिक तथा प्राज्ञिक संस्थाका रुपमा मात्र स्थापित गर्नु ।
- विद्यालयका शिक्षकहरुलाई बालबालिकाकाको उपलब्धि प्रति थप उत्तरदायी तथा जवाफदेही बनाउनु ।
- विद्यालय शिक्षामा अभिभावकको चासो तथा सहभागिता अभिवृद्धि गर्नु ।
- विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्नु ।
- शिक्षा सम्वन्धी ऐन नियम तथा कार्याविधिहरुको अन्योलता अन्त्य गर्नु ।

### ५.१.४. उद्देश्यः

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ र प्रदेश सँगको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु ।

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु ।

३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

### ५.१.५. रणनीतिहरु

१. यस चौविसे गाउँपालिकाको अधिकार तथा दायित्व लगायतका पक्षहरुमा स्पष्टता कायम गर्न संघीय र प्रदेशिक कानुनसँग नबाझिने गरी आवश्यक कानुनी प्रवन्ध गरिनेछ ।

२. संघ र प्रदेश सँगको अन्तरसम्बन्ध प्रगाढ बनाउन संघ र प्रदेशद्वारा गठित परिषद र समितिमा रही कार्य गरिनुका साथै चौविसे गाउँपालिकाको गाउँ शिक्षा समिति र शिक्षा शाखालाई दरिलो बनाइने छ ।

३. प्रअ तथा शिक्षकहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

४. चौविसे गाउँपालिकामा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।

५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ र प्रदेश सँगको समन्वयमा सामुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।

६. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई प्रधानाध्यापकको भत्ता वृद्दि गरिनुका साथै क्षमता वृद्धि गरिने छ ।

७. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

## ५.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

***उपलब्धि***

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने ।

***प्रमुख नतिजाहरु***

१. विद्यालय लगायत शिक्षाको व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने ।

२. शिक्षाको व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने ।

३. शिक्षाको व्यवसथापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तीको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने ।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

***प्रमुख क्रियाकलाप र लक्ष्य:***

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० | ५० | | |
| २ | सामाजिक परीक्षण | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | ४४०० |
| ३ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | ४४०० |
| ४ | गाउँपालिकासँग प्रधानाध्यापक र प्रधानाध्यापकसँग शिक्षकको कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ५ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम तथा प्रअलाई थप भत्ताको ब्यवस्था | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | | १००० |
| ६ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई मासिक रुपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ७ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | १००० |
| ८ | विद्यालयसँग सरोकार राख्ने पदाधिकारी, शिक्षक, विद्यार्थीहरूको आचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| ९ | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | वटा | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | २२० | | |
| १० | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन | वटा | १० | | | | | १० | | | |
| ११ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |
| १२ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| १३ | शिक्षा सम्वन्धी असल अभ्यासहरूलाई बुलेटिनको रुपमा प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | १००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | १२८०० |

# परिच्छेद- ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१. परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान समृद्ध राष्ट्र निर्माण तथा र उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविश्यका लागि गुणस्तरीय मानव संसाधानको विकास गर्न शिक्षामा लागानी गरिन्छ। त्यसैले बालबालिकाको शिक्षामा गरिने लागानी व्यक्ति , समाज र राज्यको दिर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दिर्घकालीन सोचलाई मूर्त रुप दिन शिक्षामा राज्यले प्राथमिकताकासाथ लागानी गर्न आवश्यक हुन्छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ। ती तीन पक्षहरुमा पहिलो , राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो- सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिस्चितता र तेस्रो- स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन्।
नेपालको संविधानमा  वित्तीय व्यवस्थापन सम्वन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्वन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्रकृतिक तथा वित्त आयोगको सिफारिसमा सघींय सरकारवाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ। विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट व्यवस्थापन हुदै आएको छ। सशर्त अनुदान सम्वन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रकृया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। संघीय सरकारवाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक प्रदेश सरकारवाट तथा स्थानीय तहको आफ्नै स्रोतमा आधारित बजेट पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ।
शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकतृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँवाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने,  विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लागनीको पक्ष उत्ति नै सक्षम र व्यवस्थित हुन्छ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२. वर्तमान अवस्था

शिक्षामा लागानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ। यस चौविसे गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा आफ्नो कुल वजेटको उल्लेख्य अंश शिक्षामा लागनी गरेको छ । यसरी सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने महत्वपूर्ण आधार मान्न सकिन्छ।

चौविसे गाउँपालिकामा शिक्षा क्षेत्रमा राज्यको लगानीको अवस्था निम्नानुसार रहेको छ ।

| आ.व. | सशर्त अनुदान | विशेष अनुदान | गाउँपालिकाको लगानी | प्रदेश अनुदान | जम्मा लगानी |
|---|---|---|---|---|---|
| २०७५/७६ | | | | | |
| २०७६/७७ | **१५६२२५०००** | ८३००००० | १२०००००० | | |
| २०७७/७८ | १६११८०००० | ७०००००० | १०४२६००० | | |
| २०७८/७९ | १५८३००००० | 0 | २७५६१००० | | |

चौविसे गाउँपालिकाको आ.व.२०७८/७९ को क्षेत्रगत लगानीको अवस्था

| **क्र. सं.** | **वजेट शीर्षक** | **रकम** |
|---|---|---|
| १ | तलव भत्ता (शिशु/के.जी. स.का., स्वयंसेवक शिक्षक, कर्मचारी) | १९६५३०००.०० |
| २ | छात्रवृत्ति | १६३८०००.०० |
| ३ | कार्यक्रम | ६२७००००.०० |
| | कुल वजेट | २७५६१०००.०० |

उल्लिखित लगानी यस गाउँपालिकाका सामुदायिक विद्यालयमा भएको सार्वजनिक लगानी मात्र हो । शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको पाइन्छ । निजी विद्यालयमा शुल्क लगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरुमा पनि घरपरिवारको लगानी विद्यार्थीको स्टेसनरी तथा ड्रेस लगायतमा हुने गरेकोले बालवालिकाको शिक्षामा उनीहरुको उल्लेख्य लगानी भइरहेको छ । तर पनि विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ । त्यसैगरी दलित , महिला, विभिन्न प्रकारका परिस्थितिमा रहेका विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षाको पहुँच तथा सहभागिता बढाई समावेशिता प्रवर्धन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि थप लगानी आवश्यक देखिन्छ ।
फेरि शिक्षा क्षेत्रमा गरिने लगानी सिकारु (विद्यार्थी) का लागि हो । त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ । भौतिक पूर्वाधार तथा संरचना, प्रशासनिक खर्च, शैक्षिक सामग्री, छात्रवृत्ति, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन् । उदाहरणका लागि शिक्षा क्षेत्रको कुल खर्चको ८५ प्रतिसत भन्दा वढी हिस्सा शिक्षक तलवमा मात्र भइरहेको छ ।

शिक्षामा गरेको लगानीको वस्तुपरक रुपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किन कि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिदैन । फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज पनि छैन । शिक्षामा गरिने लगानी मानव संसाधन विकासका लागि गरिने लगानीका रुपमा लिइने गरेको पाइन्छ । यी दिर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ । साक्षरता दर, विद्यालयमा भर्ना दर, उतीर्ण दर, विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगितिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रुपमा लिन सकिन्छ ।

कतिपय विद्यालयहरूले विद्यालयको आर्थिक स्रोतको दिगो व्यवस्थापन गर्नका लागि विभिन्न क्रियाकलापहरू गरेको पाइन्छ । यस्तो कार्यले विद्यालयको शैक्षिक प्रवर्द्धन गर्नका लागि मद्दत पुगेको छ । विद्यालयहरूले दरिलो आर्थिक व्यवस्थापन गर्नका लागि विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट दान, चन्दा लगायत अचल सम्पत्तिहरू ग्रहण गर्ने गरेको पाइन्छ । शैक्षिक तथा भौतिक व्यवस्थापनका लागि समेत लगानी भएको पाइन्छ । त्यसैगरी दिगो आर्थिक विकासका र विद्यार्थीहरूको सिकाइ सुदृढीकरणको लागि विभिन्न शीर्षकमा अक्षय कोषहरूको स्थापना समेत गरेको पाइन्छ ।

## ६.३. अवसर तथा चुनौतीहरु

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छः

१. संघीय संरचना अनुसार संघ, प्रदेश, र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तिय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागानीको लागि जिम्मेवार बनाउने ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थी अनुपात वढाउन आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चत गर्ने ।
३. शिक्षामा आधुनिक प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।
४. विद्यार्थीको सिकाइ र कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।
५. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहीन, विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने
६. गैर सरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।
७. वित्तीय व्यवस्थापकको कार्यकुशलता वढाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।
८. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।

## ६.४. उद्देश्य

यस योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उदेश्यहरु देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने उपयुक्त विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.५. रणनीतिहरु

योजनाको वित्तीय व्यवस्थासम्वन्धी रणनीतिहरु देहायबमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरु बीचको लागत साझेदारीमा हुनेछ । यसका लागि चौविसे गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्नेछ ।

२. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाइनेछ।
३. शिक्षा क्षेत्रमा हाल भएको लगानीमा वृद्धि गरिनेछ।
४. मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने पद्धति अवलम्वन गरिनेछ।
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सवल बनाइनेछ।

## ६.६. स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा दुई मूलभूत प्रक्रिया बीचमा सामन्जस्य गर्ने प्रयास हुन्छ। नागरिक अपेक्षा, संबैधानिक प्रत्याभूति, शिक्षाका नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न स्रोतको आँकलन गर्नु पर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामार्थ्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ। यस प्रकार आवश्यकता र सामर्थ्य बीचमा सामन्जस्यता कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरिन्छ। यी दुई पक्षलाई आधार मानी यहाँ अनुमान र विश्लेषण गरिएको छ।

संवैधानिक प्रावधान अनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ। प्रत्येक बालबालिकालाई शिक्षाको हक हुने र प्रारम्भिक बालबिकास तथा शिक्षालाई आधारभूत शिक्षा अन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ। त्यस्तै शिक्षामा सबैका पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रुपले विपन्न, विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरुलाई थप प्रोत्साहित गर्न आवश्यक छ। अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका अतिरिक्त अनौपारिक तथा निरन्तर शिक्षा, विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पुर्वाधार, विपद व्यवस्थापन, दिवा खाजा लागायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ। साथै योजनाको अनुगमन तथा मूल्याङ्कन तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ। उल्लिखित आवश्यकता समेतका आधारमा शिक्षा क्षेत्रका लागि आगामी ५ वर्षकालागि निम्नानुसारको स्रोतको आंकलन गरिएको छ।

| शीर्षक/ आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| सशर्त अनुदान | १५८३००००० | १७००००००० | १८००००००० | १९००००००० | २०००००००० |
| विशेष अनुदान | ० | ० | ० | ० | ० |
| प्रदेश अनुदान | ० | ० | ० | ० | ० |
| आन्तरिक स्रोत | २७५६१००० | ३०००००००० | ३२५०००००० | ३६०००००० | ४०००००००० |

## ६.६. प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान

चौविसे गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजनाको (२०७८–२०८७) वजेट अनुमान गरिएको छ। वजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको

सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीलाई दिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने, सामुदायिक विद्यालय सुधार कार्यक्रम अभियानलाई सञ्चालन गरिने छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने वजेट समावेश गरिएको छ ।  आधारभूत तहमा ५ वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापदण्ड पूरा गर्ने र माध्यमिक तहमा १० वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पुरा गर्ने गरी वजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रवन्ध गर्ने, समता र समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमध्ये केहीलाई आवासीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य वजेट प्रस्तावित गरिएको छ ।

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (हजारमा) | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७७/७८ देखि २०८१/८२ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ६२०० | ६२० | ६२० | ६२० | ६२० | ६२० | ३१०० | | | ६२०० | | | |
| २ | आधारभुत शिक्षा | २४५३० | २४५३ | २४५३ | २४५३ | २४५३ | २४५३ | १२२६५ | | | २४५३० | | | |
| ३ | माध्यमिक शिक्षा | ८९०० | ८९० | ८९० | ८९० | ८९० | ८९० | ४४५० | | | ८९०० | | | |
| ४ | पाठ्यक्रम तथा मूल्यांकन | ४५०० | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | ४५०० | | | |
| ५ | शिक्षक ब्यवस्थापन तथा विकास | २३०५०० | २३०५० | २३०५० | २३०५० | २३०५० | २३०५० | ११५२५० | | | २३०५०० | | | |
| ६ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | ४००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | ४००० | | | |
| ७ | शिक्षासमावेशि तथा समता | २००० | २०० | २०० | २०० | २०० | २०० | १००० | | | २००० | | | |
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | ७६०० | ७६० | ७६० | ७६० | ७६० | ७६० | ३८०० | | | ७६०० | | | |
| ९ | छात्रवृति | ३९००० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | १९५०० | | | ३९००० | | | |
| १० | आपतकालीन तथा संकटपुर्ण | २८००० | २८०० | २८०० | २८०० | २८०० | २८०० | १४००० | | | २८००० | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अवस्थामा शिक्षा | | | | | | | | | | | | | |
| ११ | विद्यालयको भौतिक पुर्वधार विकास | ३१८०० | ३१८० | ३१८० | ३१८० | ३१८० | ३१८० | १५९०० | | | ३१८०० | | | |
| १२ | सुचना र प्रविधि | ५६५०० | ५६५० | ५६५० | ५६५० | ५६५० | ५६५० | २८२५० | | | ५६५०० | | | |
| १३ | विद्यालय सुशासन तथा ब्यवस्थापन | १२८०० | १२८० | १२८० | १२८० | १२८० | १२८० | ६४०० | | | १२८०० | | | |
| १४ | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | १०८०० | १०८० | १०८० | १०८० | १०८० | १०८० | ५४०० | | | १०८०० | | | |
| | कुल बजेट रु. | ४६७१३० | ४६७१३ | ४६७१३ | ४६७१३ | ४६७१३ | ४६७१३ | २३३५६५ | | | ४६७१३० | | | |

# परिच्छेद- ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

## ७.१. परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण,पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

यसमा चौविसे गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्याल, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ७.२. वर्तमान अवस्था

अनुभव तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी गाउँपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिकाभित्र रहेका समुदायिक, निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्यांकन भइरहेको छ। अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सो को विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकासकेन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याउने प्रबन्धमा गरिएको छ। शैक्षिक व्यवस्थामा सूचना प्रणाली(IEMIS) मार्फत विद्यालय,विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरु, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै गाउँपालिकाको शैक्षिक पार्श्वचित्र निर्माण भएको छ। हाल आएर स्रोतकेन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र गाउँ शिक्षा योजनामा आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मूल्यांकन कार्यमा केही राम्रा अवसरहरुका साथमा चुनौतीहरु रहेका छन्।

## ७.३. अवसर र चुनौतीहरु

उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित अवसर तथा चुनौतीहरु पहिचान गरिएको छ।

**क) चुनौतीहरू:**

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,
- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु।

- अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रवन्ध गर्नु।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव हुनु।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउनु।

**ख) अवसरहरू:**

- पालिकाबाट नजिकको शिक्षा विकास समन्वय एकाइ तथा शिक्षा विकास निर्देशनालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्नु।
- पालिकभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्नु।
- पालिकाबाट वडा स्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्यांकन गर्नु।
- प्रविधिहरूको विकास हुँदै जानु।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु।
- अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय बनाउनु।
- स्थानीय विज्ञ समुह गठन भई उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी हुनु।

## ७.४. उद्देश्यहरु:

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु।
- योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

## ७.५. रणनीतिहरु

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- गाउँपालिका अध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वयन गरिनेछ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिनेछ भने शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ।
- विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।
- स्थानीय विज्ञ समुहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई ब्यवस्थित गरिनेछ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिनेछ। यसका लागि गाउँपालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरिनेछ।
- चौविसे गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरिनेछ।
- यसका साथै गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिनेछ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गरिनेछ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न वाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन्।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गर्ने संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ। गाउँपालिकाले शिक्षा सहवकर्ताको व्यवस्था मिलाउनेछ।

## ७.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि (Out comes)**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**(ख) नतिजाहरु (key results)**

- नतिजामा आधारित अनुगमन प्रणाली हुने ।
- अनुगमनका आधारमा नतिजा सुधार हुने ।
- अनुगमन तथा  मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप  व्यवस्थित र  नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ।

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| एकिकृत शैक्षिक अनुगमन तथा मुल्यांकन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | | १००० |
| नतिजाका आधारमा अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने र अद्यावधिक | निरन्तर | | | | | | | | | |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | वटा | ४ | ४ | ४ | ४ | ४ | २० | २० | | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | ४४०० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | ४४०० |
| वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | निरन्तर | | | | | | | | | |
| विद्यालय सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| विद्यालयहरूको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |
| नियमित रुपमा अनुगमन, मुल्याङ्कन (शिक्षा, युवा खेलकुद शाखा, गाउँ शिक्षा समिति र जनप्रतिनिधिबाट अनुगमन) | निरन्तर | | | | | | | | | १००० |
| जम्मा | | | | | | | | | | १०८०० |

## परिच्छेद- ८ : कार्यक्रम नतिजा खाका

| क्र. सं. | तह | नतिजा सूचक | एकाइ | आधार वर्ष (०७७/७८) | लक्ष्य | | | | | २०७८/७९ देखि २०८२/८३ | २०८३/८४ देखि २०८७/८८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| 1.1 | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | प्रतिशत | ११६.५ | ११४.० | ११२.० | ११०.० | १०९.० | १०८.० | १०८.० | १००.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | प्रतिशत | ८०. | ८२.० | ८४.० | ८६.० | ८७.० | ८८.० | ८८.० | १००.० |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | प्रतिशत | N/A | | | | | | ०.० | |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | प्रतिशत | N/A | | | | | | ०.० | |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | प्रतिशत | ८७.५ | ८८.० | ८९.० | ९०.० | ९१.५ | ९३.० | ९३.० | १००.० |
| 2.1 | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | प्रतिशत | ९८.१ | ९८.२ | ९८.३ | ९८.४ | ९८.५ | ९८.७ | ९८.७ | १००.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | प्रतिशत | ८७.५ | ८८.० | ९०.० | ९२.० | ९४.० | ९५.० | ९५.० | १००.० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | प्रतिशत | ९७.५ | ९७.८ | ९८.० | ९८.२ | ९८.३ | ९८.४ | ९८.४ | १००.० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | प्रतिशत | ११६.६ | ११४.० | ११२.० | ११०.० | १०९.० | १०८.० | १०८.० | १००.० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | प्रतिशत | ९६.६ | ९६.८ | ९७.० | ९७.२ | ९७.३ | ९७.४ | ९७.४ | १००.० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | प्रति शत | ११२.२ | ११०.० | १०९.० | १०८.० | १०७.० | १०७.० | १०७.० | १००.० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | प्रति शत | ९७.१ | ९७.२ | ९७.५ | ९७.८ | ९७.९ | ९८.० | ९८.० | १००.० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | प्रति शत | ११४.७ | ११२.० | ११०.० | १०८.० | १०७.० | १०६.० | १०६.० | १००.० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | प्रति शत | १.०० | १.० | १.० | १.० | १.० | १.० | १.० | १.० |
| 2.1 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | प्रति शत | ८९.८ | ९०.० | ९१.० | ९२.० | ९२.५ | ९३.० | ९३.० | १००.० |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | प्रति शत | N/A | | | | | | ०.० | |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | प्रति शत | N/A | | | | | | ०.० | |
| 3.1 | | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | प्रति शत | ८४.९ | ८५.० | ८६.० | ८७.० | ८७.५ | ८८.० | ८८.० | १००.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | प्रति शत | ९९.७ | ९९.८ | ९९.८ | ९९.९ | ९९.९ | १००.० | १००.० | १००.० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | प्रति शत | ३२.३ | ३५.० | ३८.० | ३९.० | ३९.५ | ४०.० | ४०.० | ६०.० |
| 3.4 | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | प्रति शत | ८०.७ | ८२.० | ८४.० | ८५.० | ८६.० | ८७.० | ८७.० | १००.० |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | प्रति शत | ५८.६ | ६०.० | ६२.० | ६४.० | ६५.० | ६६.० | ६६.० | ८०.० |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | प्रति शत | ८८.९ | ८९.० | ९०.० | ९१.० | ९१.५ | ९२.० | ९२.० | १००.० |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | प्रति शत | N/A | | | | | | ०.० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 3.8 | | कक्षा १ माभर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | प्रतिशत | N/A | | | | | | ०.० | |
| 3.9 | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | प्रतिशत | १.०० | १.० | १.० | १.० | १.० | १.० | १.० | १.० |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | NA | | | | | | ०.० | |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | प्रतिशत | N/A | | | | | | ०.० | |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | N/A | | | | | | ०.० | |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | प्रतिशत | ३६. | ३६.० | ३६.० | ३६.० | ३६.० | ३६.० | ३६.० | ४०.० |
| 5.2 | | माध्यमिकतह (कक्षा९-१२) | प्रतिशत | ११. | ११.० | १२.० | १२.० | १२.५ | १३.० | १३.० | १८.० |
| 6.1 | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | प्रतिशत | N/A | | | | | | ०.० | |
| 6.2 | | आधारभूत | प्रतिशत | N/A | | | | | | ०.० | |
| 6.3 | | माध्यमिक | प्रतिशत | N/A | | | | | | ०.० | |
| 7 | **स्थानीयतहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटकोशिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | प्रतिशत | ७.७ | ८.० | ९.० | १०.० | १०.५ | ११.० | ११.० | २०.० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 8. 1 | छोड्नेदर | आधारभूत तह (कक्षा १-५) | प्रति शत | २.९ | २.८ | २.७ | २.६ | २.६ | २.५ | २.५ | ०.० |
| 8.2 | | आधारभूत तह (कक्षा ६-८) | प्रति शत | ३.९ | ३.० | २.५ | २.१ | २.० | १.८ | १.८ | ०.० |
| 8.3 | | माध्यमिकतह (कक्षा ९-१०) | प्रति शत | २.१ | २.० | १.८ | १.६ | १.५ | १.४ | १.४ | ०.० |
| 9.1 | दोर्याउनेदर | आधारभूत तह (कक्षा १-५) | प्रति शत | ८.३ | ८.० | ७.० | ६.० | ५.५ | ५.० | ५.० | ०.० |
| 9.2 | | आधारभूत तह (कक्षा ६-८) | प्रति शत | ११.६ | १०.० | ८.० | ७.० | ६.५ | ६.० | ६.० | ०.० |
| 9.3 | | माध्यमिकतह (कक्षा ९-१०) | प्रति शत | ४.६ | ४.० | ३.८ | ३.६ | ३.४ | ३.२ | ३.२ | ०.० |
| 10. 1 | सिकाइ उपलब्धी दर | कक्षा ८ मा३.२ बाट ३.६ ग्रेड ल्याउने % | प्रति शत | २.३ | ४.० | ६.० | ८.० | ९.० | १०.० | १०.० | १२.० |
| 10. 2 | | कक्षा ८ मा३.६ बाट ४.० ग्रेड ल्याउने % | प्रति शत | ०.५ | १.० | २.० | ३.० | ३.५ | ४.० | ४.० | ६.० |
| 10. 3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | प्रति शत | १. | १.२ | १.४ | १.७ | १.९ | २.० | २.० | २.५ |
| 10. 4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | प्रति शत | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.४ | ०.५ | ०.५ | १.० |
| 11. 1 | प्रारम्भिक कक्षाको पठनसीप | CB EGRA कक्षा १ समग्र | प्रति शत | ७९.५ | ८०.० | ८१.० | ८२.० | ८२.५ | ८३.० | ८३.० | १००.० |
| 11. 2 | | CB EGRA कक्षा २ समग्र | प्रति शत | ६९.५ | ७१.० | ७३.० | ७५.० | ७६.० | ७७.० | ७७.० | १००.० |
| 11. 3 | | CB EGRA कक्षा ३ समग्र | प्रति शत | ७१. | ७३.० | ७५.० | ७८.० | ७८.५ | ७९.० | ७९.० | १००.० |

## सन्दर्भ सामग्रीहरुः

१. शिक्षा क्षेत्रको योजना  २०२१-२०३०, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं,२०७७

२. विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९/०८० , नेपाल सरकार, शिक्षा मन्त्रालय ,२०७३

३. शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा २०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं,२०७७

४. राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

५. पन्ध्रौ योजना (आ.व.२०७६/७७-२०८०/८१) आधार पत्र , नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

६. प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८,  नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

७.प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

८. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन  सम्वन्धी मापदण्ड २०७८, नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

९. शैक्षिक सूचना २०७७, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

१०. नेपालको संविधान २०७२, नेपाल कानुन आयोग

११. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

१२. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

१३.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , नेपाल कानुन आयोग

१४. दिगो विकास लक्ष्यहरु , वर्तमान अवस्था र भावी मार्ग चित्रः२०१६-२०३० , नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

१५. चौविसे गाउँपालिकाको शिक्षा पार्श्वचित्र २०७८, चौविसे गाउँपालिका , धनकुटा

१६. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित )

१७. शिक्षा सम्वन्धी विभिन्न आयोगका प्रतिवेदनहरु

१८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०७८